# पहिलो अध्याय

# परिचय

## १.१ पृष्ठभूमी

भक्तपुर नेपालको राजधानी काठमाडौँबाट १३ किलोमिटर दक्षिण पूर्वमा अवस्थित छ । यस शहर २७०° २६ देखि २७०° ४४’ उत्तरी अक्षांस र ८५° २१ देखि ८५°३७’ पुर्वि देशान्तरमा अवस्थित छ । समुद्रि सतहबाट १३३१ मिटर माथि छ ।[१] भक्तपुरलाई उत्तरमा खासाङ्गखुसुङ्ग खोला र दक्षिणमा हनुमन्ते खोलाको बिचमा विस्तार गरिएको छ र जिल्लाको आधारमा नेपालको सबभन्दा सानो जिल्ला हो । यसको उत्तरमा काठमाडौं पूर्वमा काभ्रे, दक्षिण पश्चिममा ललितपुर पर्दछ ।[२] भक्तपुर युनेस्कोको विश्व सम्पदामा सूचिकृत शहर हो । नेपालको प्राचीनतम शहरको नमुनाको रूपमा र पर्यटनको दृष्टिकोण विश्व प्रसिद्ध छ । भक्तपुर नेपालको  नेवार संस्कृतिको “सांस्कृतिक राजधानी” मौलिक शहरका रूपमा प्रख्यात छ ।

भक्तपुर नगरपालिका क्षेत्रभित्र करिव ९०% नेवारहरुको बस्ती रहेको छ । नेवारहरुको बाहुल्यता रहेको यस शहरमा विभिन्न जात्रापर्वहरु मनाउने गरिन्छ । जसमा नेवारी परम्परागत धार्मिक सामाजिक जात्रापर्वहरुमा रथ तथा खट् सहित जात्रा चलाउने परम्पर हालसम्म पनि विद्यमान छ । देवदेवीहरूको पौराणिक कथामा आधारित रथ तथा खट् ऐतिहासिक तथा उत्सव मनोरजनात्मक महत्व भेटिन्छ ।[३] यस्तो धार्मिक तथा साँस्कृतिक चाडपर्वहरू प्रत्येक वर्ष तथा कुनै बाह्र वर्षमा एक पल्ट गरिन्छ । देवदेवीहरूलाई जात्रा गराउने साधनलाई रथ वा खट् भनिन्छ । रथ र खट् दुई प्रकारको बनाउने प्रचलन छ । मन्दिरको वास्तुकला जस्तै रथ र खट् पनि तल्ले शैली र शिखरशैलीमा बनाएको पाइन्छ । भक्तपुरमा हुने जात्राहरूमा रथ तथा खट्मा देवदेवीहरूको चल मूर्तिलाई राखेर परिक्रमा गराइन्छ । यस शहरमा विस्केट जात्रामा भैरव र भद्रकालीको मूर्तिलाई रथमा राखेर र

---

१ मेचीदेखि महाकालीः भाग २ (काठमाडौः श्री ५ को सरकार संचार मन्त्रालय, सूचना विभाग, वि.सं. २०३१) पृ. ६३७ ।

२ भद्रत्न बज्राचार्य, *ख्वपया बाह बही* (ख्वपः मैत्रेय युवा संधे, ने.स. ११२४) पृ. १ ।

३ तीर्थलाल नःघ भनी (राजभण्डारी) *प्राचिन नेपाल देवदेवीको खट्* (काठमाडौं श्री ५ को सरकार पुरातत्व विभाग संख्या ११६-११८, २०४६/०४७) पृ.२ ।

अष्टमातृका लगायत अन्य देवदेवीहरूको मूर्तिलाई खट्मा राखेर परिक्रमा गराइन्छ । त्यस्तै गाईजात्रामा पनि गणेश, भैरब अष्टमातृकालगायत देवदेवीहरूको खट् जात्रा हुन्छ । रथ तथा खट् जात्रा मध्यकालीन नेवार साँस्कृतिक क्षेत्रहरूमा बाहुल्यता देखिन्छ । यस प्रकारको जात्राहरू नेपाल उपत्यकामा मात्र सीमित नरही पश्चिमाञ्चल क्षेत्रको पाल्पामा कार्तिक शुक्ल पक्ष कछलाथ्व त्रयोदशीका दिन भगवतीको खट् जात्रा हुन्छ । यसैगरी पश्चिम-उत्तरमा नुवाकोटमा भैरबको खट् जात्रा, पूर्वमा बनेपामा चण्डेश्वरी खट् जात्रा, पनौतीमा उन्मत्तभैरब र भद्रकाली रथ तथा खट् जात्रा हुन्छ भने काठमाडौं इन्द्रजात्रामा कुमारी, भैरव, गणेशको रथ जात्रा साथै सेतो मत्स्येन्द्रनाथको रथ जात्राको साँस्कृतिक, धार्मिक तथा कला वास्तुकलागत महत्व देखिन्छ । त्यस्तै पाटनमा रातो मत्स्येन्द्रनाथ र मीन नाथको रथ जात्रा हुनछ । तसर्थ हिन्दु तथा बौद्ध नेवार धार्मिक-सामाजिक संस्कृति तथा चाडपर्वहरूमा रथ तथा खट् जात्राको प्रमुख आकर्षणकारूपमा यसको परम्परागत महत्व कायम छ ।

रातो मत्स्येन्द्रनाथको रथारोहण गर्नको लागि देवगृहबाट खट्मा राखेर ल्याउने प्रचलन छ । यस देव मूर्तिलाई पाटनबाट बुःगमति लानको लागि पनि खट्मा राखेर चारजना बोकेर लाने परम्परा छ । काठमाडौं कुमारीको रथ र खट् यात्रा हुन्छ र यसको रथ र खट् यात्रा हुने दिन फरक-फरक रहेको छ । इन्द्रजात्रा (येयाँ) को अवसरमा रथ यात्रा हुन्छ भने अन्य अवसरमा खट् यात्रा हुन्छ ।

भक्तपुरमा प्राय जात्रा पर्वहरुमा रथ तथा खट्को प्रयोग भएको पाइन्छ । जसमा रथ र खट् नै प्रमुख आकर्षकको केन्द्र हो । रथ तथा खट्मा मध्यकालीन श्रृंगार परम्परालाई हालसम्म पनि विद्यमान राखेको छ । यस शहरको धार्मिक तथा साँस्कृतिक पहिचान रथ तथा खट् जात्रालाई मान्न सकिन्छ । यहाँ नेपालकै ठूलो रथ (भैरबनाथको रथ)लाई प्रत्येक वर्ष पुन निर्माण गरे यात्रा गराइन्छ । जुन भक्तपुर बिस्केट जात्राको प्रमुख आकर्षण हो । त्यस्तै भक्तपुरमा गाईजात्राको पनि विशेष महत्व रहेको पाइन्छ । यहाँ विविध प्रकारको खट्हरुलाई श्रृंगार गरी परिक्रमा गराइन्छ ।

## १.२ समस्या कथन

भक्तपुरको जात्राको बारेमा अध्ययन भएको पाइन्छ । विशेष गरेर विस्केट जात्राको बारेमा मात्र धेरै विद्वानहरूले अध्ययन अनुसन्धान गरिएको छ । तर यसमा प्रयोग भएको खट् तथा रथको बारेमा यथोचित अध्ययन भएको पाइँदैन । तसर्थ यस शोधकार्यमा निम्न बुँदाहरूलाई समस्या कथनको रूपमा लिइनेछ ।

१.२.१ भक्तपुरमा प्रचलित रथ तथा खट् जात्राहरु

१.२.२ रथ तथा खट्को ऐतिहासिकता

१.२.३ रथ तथा खट्को निर्माण शैली र स्थापत्यकला

यी समस्याहरुलाई प्रमुख समस्याका रूपमा लिएर अध्ययन अुनसुन्धानमा गरिएको छ ।

## १.३ उद्देश्य

यस शोध कार्यको प्रमुख उद्देश्य निम्नअनुसारको छ ।

१.३.१ यस शोधकार्यको मुख्य उद्देश्य त्रिविविको स्नातकोत्तर तहको नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विषयको दशौं पत्रको आंशिक परिपूर्ति गरी स्नातकोत्तर तहको उपाधि हासिल गर्नु हो ।

१.३.२ यसमा भक्तपुरमा प्रचलनमा रहेको रथ तथा खट्को जात्रा पर्वहरू ऐतिहासिक तथा स्थापत्यकलाको महत्वको प्रकाश पार्नु ।

## १.४ महत्त्व

भक्तपुर प्राचिनकालदेखि नै नेवार कलासंस्कृति तथा धार्मिक क्षेत्रको रूपमा प्रसिद्ध छ । यस नगरमा वर्ष भरि नै विभिन्न जात्राहरू हुन्छ । यस अवसरमा देवदेवीहरूको मूर्तिलाई रथ वा खट्मा राखेर नगरपरिक्रमा गराइन्छ । जात्राको बारेमा अध्ययन र अनुसन्धान भए पनि रथ तथा खट्को बारेमा अध्ययन भएको देखिँदैन । जसको अध्ययन गर्न अति आवश्यक छ । तसर्थ रथ र खट्को बारेमा रहेको अभावलाई मेरो शोध कार्यबाट पूर्ति हुन्छ भन्ने मेरो विस्वास छ ।

भक्तपुरमा हुने जात्रापर्वहरूमा प्रयोग गरिने रथ र खट्को अध्ययनबाट भविष्यमा गरिने धार्मिक, सांस्कृतिकलगायत अन्य वास्तुकलाको अध्ययन अनुसन्धान गर्न सहयोग पुग्नेछ । जसले गर्दा भक्तपुरको बारेमा थोरै भए पनि धार्मिक, सांस्कृतिक, बास्तुकलाको बारेमा जानकारी पाउन सकिन्छ ।

## १.५ अध्ययन क्षेत्र र सीमा

यस शोध कार्यको क्षेत्रगत सीमा भक्तपुर नगरपालिका जात्रापर्वहरूमा देव तथा मानवीय प्रयोजनमा परिक्रमा गर्न प्रयोग गरिने रथ तथा खट्हरूको सांस्कृतिक तथा वास्तुकलागत अध्ययन गरिएको छ । तुलनात्मक अध्ययनको लागि भक्तपुरका अतिरिक्त काठमाडौ उपत्यका अन्य बौद्ध तथा हिन्दू देवीदेवताहरुको रथ र खट्हरु अतिरिक्त परावहन तथा शववाहन रूपमा प्रयोग गर्ने खट्लाई समेत यस अध्ययनको सीमाभित्र समावेश गरिएको
छ ।

## १.६ पूर्वकार्यको समीक्षा

नेपाली कला र वास्तुकलालाई केन्द्रविन्दु मानेर विभिन्न विद्वानहरूले ग्रन्थहरू प्रकाशित भएको पाइन्छ । रथ र खट्हरूको वास्तुकलको बारेमा भने ती ग्रन्थहरूमा उल्लेख भएको पाइन्छ । अधिकांश रूपमा जात्रापर्वहरूको बारेमा मात्र चर्चा गरेको पाइन्छ । नेपाल संस्कृतिमा रथ वा खट् बनाउँदा मन्दिर वास्तुकला जस्तै बनाउने प्रचलन छ । यसबाट रथ र खट्को स्थापत्यकला र मन्दिर वास्तुकलामा समानता भेटिन्छ ।

१.६.१ पिक्चरक्युश नेपाल इ.स्.१९८४: रि-प्रिन्ट[४]: यस ग्रन्थमा नेपालको धार्मिक, सामाजिक, इतिहासलगायत केही नेपाली वास्तुकलाको उल्लेख गरेको पाइन्छ । विभिन्न शैली मन्दिर तथा दरबारहरूको चर्चा गरिएको छ । केही जात्रा तथा रथहरूको पनि उल्लेख गरेको छ । जसमा रातो मत्स्येन्द्रनाथको जात्रा र त्यसमा प्रयोग गर्ने रथबारे चर्चा गरिएको छ ।

---

४ परसि बोरन, (नयाँ दिल्ली, टुडे एण्ड टुमारो पिण्टरस एण्ड पब्लिस्) ।

१.६.२ नेवार टाउन एण्ड विल्डिङ्ग इ.सं. १९८७[छ]: यस पुस्तक नेवारी अंग्रेजी शब्दकोश हो । यसमा मुख्य रूपमा नेवारी धार्मिक, सामाजिक, साँस्कृतिक वास्तुकला सम्बन्धि शब्दहरुको उल्लेख गरिएको छ । जुन मेरो शोधकार्यको सहयोगी बनेको छ । यस पुस्तकमा रथ तथा खट्को संरचना लगाएत रेखाचित्र समेत उल्लेख गरिएको छ । तसर्थ यस पुस्तकलाई यस शोधकार्यमा प्रयोग गरिएको छ ।

१.६.३ फेस्टिभल अफ नेपाल इ.स्.१९७७[ट]: यस ग्रन्थमा नेपालको प्रायः जात्रापर्वहरू र देवदेवीहरूको जात्रासम्बन्धी आख्यान तथा जात्रामा प्रयोग गरिने रथ र खट्को वास्तुकला भने थोरै मात्र चर्चा गरिएको छ । केही देवदेवीहरूको रथ तथा खट्को आकार स्वरूपको बारे उल्लेख गरिएको छ ।

१.६.४ द टेम्पलस अफ नेपाल इ.स्.१९६८[ठ]: यस ग्रन्थमा मन्दिरलगायत विहारको वास्तुकलाको उल्लेख गरिएको छ । यसमा मन्दिर निर्माण सामाग्री र नेपालको मन्दिरको विशेषताको चर्चा गरिएको छ । मन्दिरका अंगहरूको उपयोगितालाई विशेष महत्वका साथ उल्लेख गरिएको छ । तर रथ र खट्को बारे उल्लेख गरिएको पाइँदैन तर नेपालमा प्रयोग गरिने रथहरुको आकृति नेपाली मन्दिर बास्तुकलासँग मिल्दोजुल्दो देखिने हुनाले यस पुस्तकलाई यस शोधकार्यमा प्रयोग गरिएको छ ।

१.६.५ मेसोकोजम इ.स्.१९९२[ड]: यस ग्रन्थ भक्तपुरको धार्मिक, सांस्कृतिक र सामाजिक बारे विस्तृत वर्णन गरिएको छ । मुख्ततः यस ग्रन्थमा भक्तपुर हुने जात्रा पर्वहरूको सम्पूर्ण विवरणको उल्लेख गरिएको पाइन्छ । रथ र खट्को बारेमा वास्तुकलागत विवरण भने चित्त बुझ्दो रूपमा उपलब्ध गराएको पाईदैन । तर शोधकार्यको विषय नेवार संस्कृतिसँग मेलखाने र त्यसको धार्मिक सांस्कृतिक जात्राहरुमा रथको बारे केही टिपोट यथोचित मात्रामा विवरण प्राप्त हुँदैन ।

---

५ निल्स गुचु, भि.जि. एच. जर्मन ।

६ एण्डेरशन भेटी एम, (लन्डन जर्ज आलन एण्ड युनवीन लि.) ।

७ बरनिर रोनाल्ड एम., (नयाँ दिल्ली एस चन्द एण्ड कम्पनि लि) ।

८ रोवर्ट आई.लेभि. (नयाँ दिल्ली, मोटिलाल वंसिधर पब्लिसर) ।

१.६.६ वैदिक इण्डेक्स भोलुम २ वि.सं. २०१९[ढ]: यस ग्रन्थमा वैदिककालिन शब्दहरू र सो कालमा प्रचलन रहेको शब्दको अर्थलाई समावेश गरिएको छ । जसमा रथसम्बन्धि अर्थ, रथमा प्रयोग हुने अंगहरूको शब्दको अर्थ पनि उल्लेख गरिएको छ । यस शोधकार्यमा रथको प्राचिनकालको बारेमा अध्ययन गर्ने क्रममा वैदिककालसँग यसको केही सांस्कृतिक सम्वन्ध छ की? भनेर जिज्ञाषा राखेर विषय प्रवेश गर्न यो पुस्तकबाट सहयोग लिएको छ ।

१.६.७ बुद्धकालिन राजपरिवार भाग-२ बुद्ध संवत २५१५[ञण]: यस ग्रन्थमा प्रमुखरूपमा राज महाराजहरूको चर्चा गरिएको छ । जसमा यो समयमा राजा महाराजाहरूले प्रयोग गरिने रथहरूका साथे रथ शब्दहरूको बारेमा चर्चा गरिएको पाइन्छ । यस ग्रन्थबाट बुद्धकालीन रथहरुको बारे जानकारी लिनका लागि सहयोग लिएको छ ।

१.६.८ पत्रपत्रिकाका लेख तथा निवन्ध

१.६.८.१ देवदेवी खट् प्राचीन नेपालको सख्या ११६-११८[ञञ]: यस लेखमा नेपालमा रहेको रथ र खट्हरूको बारेमा छोटकरीमा उल्लेख गरिएको छ । यसमा रथ र खट्हरूको परिचयसहित विभिन्न पुराणको आधारमा वर्णन गरिएको छ । स्थान विशेषको फरक फरक शैलीको रथ र खट्हरूको बनावटको बारेमा चर्चा गरिएको छ । वास्तुकलाको दृष्टिमा कम मात्रा चर्चा गरिएको पाइन्छ ।

## १.७ अध्ययन विधि

भक्तपुरस्थित रथ र खट्को वास्तुकलाको शोधकार्यका लागि विषयपद्दतिलाई प्रयोग गरिनेछ । अध्ययनका लागि प्राथमिक र द्वितीय दुवै स्रोतलाई प्रयोग गरिनेछ । जात्रापर्व ऐतिहासिकलगायत रथ र खट्हरूको आकारप्रकार, नाप, धार्मिक तथा समाजमा यसको महत्वको प्राथमिक स्रोत र जात्रा पर्वको इतिहास र आख्यानहरूलाई द्वितीय स्रोतको सहायताबाट अध्ययन गरिनेछ । जसमा विभिन्न विद्वानहरूको ग्रन्थ तथा पुस्तकहरू पत्रपत्रिका प्रकाशित लेखहरू हुन् ।

### १.७.१ प्रत्यक्ष अवलोकन

---

९ ए.थोनी म्याकदोनिल (वाराणासी, चौखम्बा विद्या भवन) हिन्दि अनुवाद राजकुमार राय : ।

१० भिक्षु अमृतानन्द, (काठमाडौं, आनन्दकुटी विहार गुठि) ।

११ तीर्थ लाल, राज भण्डारी, (नःधभली) काठमाडौं, श्री ५ को सरकार पुरातत्व विभाग, वि.स.२०४६/०४७ ।

भक्तपुरको विभिन्न जात्रापर्वहरुमा प्रर्दशन गरिने रथ तथा खट्हरुलाई यस शोध कार्यको लागि प्रमुख विषय बनाएको छ । तसर्थ स्थलगत अवलोकन अध्ययन नै यसका प्रमुख पुर्वाधार हो । प्रत्यक्ष रूपमा जात्राहरुमा स्वंम सहभागी भएर तत् सम्बन्धी रथ तथा खट्को निर्माण प्रकृया तथा महत्वको खोजीको लागि प्रत्यक्ष अवलोकनलाई विशेष महत्व दिएको छ ।

१.७.२ छलफल

प्रस्तुत विषयलाई पूर्व साहित्य समीक्षा तथा स्थलगत अध्ययनमा मात्र सीमित नराखेर त्यसको पूर्वानुमानलाई प्रमाणिक बनाउन सम्वन्धित विषयका विशेषज्ञ तथा गुठीयारहरुसँग गरिएको अनौपचारिक वार्तालाई छलफलका रूपमा पनि यस अनुसन्धानमा महत्व दिइएको छ ।

१.७.३ फोटोग्राफी (छवि चित्र)

यस स्थलगत अध्ययनका क्रममा खिचिएका कूल ३२ वटा छवि-चित्रहरुका साथै केही स्थगत अध्ययनमा नभेटिएको तर वार्ता छलफलबाट उपलब्ध तथ्यलाई रेखा-चित्रका रूपमा यसमा प्रस्तुत गरिएका छ ।

# दोस्रो अध्याय

# रथ र खट्को स्थापत्य परम्परा

रथ र खट्को प्रचलन वैदिक कालदेखि हालसम्म पनि विद्यमान पाइन्छ । यसको प्रयोग धार्मिक तथा व्यवहारिक दुवै रूपमा भएको पाइनछ । यसको जात्रा चलाउनको लागि पशु तथा मानवहरुको शक्तिलाई प्रयोग गरिन्छ । वैदिक साहित्य, ब्राह्मण साहित्य तथा पुराणहरुमा रथ तथा खट्को उल्लेख विभिन्न ठाउँहरुमा गरिएको पाइन्छ । यी ग्रन्थहरुमा रथ तथा खट्हरुको लागि प्रयोग गरिने शब्दहरु आकार प्रकार संरचनाहरु लगायत रथ चलाउने व्यक्ति तथा समुहहरु (जाति) को उल्लेख गरिएको छ । रथ तथा खट्लाई पारावहन तथा यातायातको साधन रूपमा प्रयोग गरिन्छ । त्यस्तै पौराणिक कालमा युद्धमा रथलाई नै प्रमुख सवारीसाधनको रूपमा प्रयोग गरिन्थ्यो भने देवदेवीहरुको चलयमान वाहनको रूपमा रथ तथा खट्लाई प्रयोग गरिन्थ्यो । विद्धान स्टिभरका अनुसार 'रथ' भनेको विशुद्ध पुराणकालका बाहनका रूपमा प्रयोग गरिने यातायात साधन हुन् ।[ज्ञद]

## २.१ रथको अर्थ र परिभाषा

रथचक्र तथा पाङ्ग्राहरुको सहायताबाट गुड्ने यान हो । जसको चक्र माथि आशन बनाएको हुन्छ ।[ज्ञघ] यसलाई तानेर वा ढकेलेर गुडाउने गरिन्छ । जसको लागि पशु तथा मानवहरुको शक्ति प्रयोग गरिन्छ । रथलाई आधुनिककालको गाडी वा परावहन तथा यातायातको साधन मान्न सकिन्छ । संस्कृत शब्दकोशमा रथलाई विभिन्न भेद्हरुमा उल्लेख गरिएको पाइन्छ । जस्तै गन्त्री रथ, क्रिडा रथ, कर्णीरथ र विमान हुन् । जसको प्रयोग क्रमशः युद्धको लागि, मनोरञ्जनको लागि राजा महाराजहरुको परावहन तथा यातायातको लागि र देवदेवीहरुको चलयमान वाहनको रूपमा प्रयोग गरिन्छ ।[ज्ञद्ध]

---

१२ म्याक्दोनिल एनथोनी, *वैदिक इण्डेक्स* (वारणाजीः चौखम्बा विधा भवन वि.स. २०१९) पृ. २२३ (हिन्दी अनुवाद रामकुमार राय) ।

१३ प्रशान कुमार आचार्य, *इन्साइक्लोपिडिया अफ हिन्दु आर्टिटेक्चर भोलुम २* (नयाँ दिल्ली कश्मा पब्लिकेशन इ.स. १९९४) पृ ५२१ ।

१४ विलिएमस एस. मोनियर, *ईङ्गलिस एण्ड संस्कृत डिक्सनेरी,* दोस्रो संस्करण (नयाँ दिल्ली, मोतिलाल वंशिधर, इ.स. १९६४) पृ. ३३५ ।

धार्मिक तथा सामाजिक दृष्टिकोणले रथलाई देवदेवीहरुको चलयमान वाहन हो भने व्यवहारिक रूपमा राजा महाराजाहरु तथा सार्वजनिक (मनुष्यहरुको) यातायातको साधन हो । धार्मिक रथ चक्र माथि गर्भगृह बनाएको हुन्छ, जसमा देवदेवीहरुको चलमूर्तिलाई राखेर परिक्रमा गराइन्छ । यस प्रकारको चल रथ मुख्य दुई शैलीमा बनाउने  परम्परा रहेको पाइन्छ । पहिलो शिखर शैली, दोस्रोमा तल्ले शैली हुन् । यस रथमा दुई, तीन, चार र पाँच जोडीसम्म चक्र रहेको हुन्छ ।[ज्ञछ] रथलाई आकर्षक बनाउनको लागि श्रृंगार तथा कलात्मक कला कृतिहरुको प्रयोग गरिएको हुन्छ । जस्तै रथका छाना तथा गजूरमा सुनको मोलम्मा लगाएको हुन्छ । भने खम्बाहरुमा कलात्मक बुट्टाहरु कुँदिएको हुन्छ । त्यस्तै तोरण, बरण्डाहरुमा तामाको पाटाहरुमा बुट्टाहरु कुँदिएको हुन्छ । रथहरु गुडाउनको लागि डोरीको सहायताबाट मानव शक्तिको प्रयोग गरिन्छ । तर वैदिक कालिन नवग्रह तथा अन्य देवदेवीहरुको रथहरुमा जीवजन्तुहरुको शक्ति प्रयोग गरिएको वर्णन विभिन्न ग्रन्थ तथा पुराणहरुमा उल्लेख गरिएको पाइन्छ । जसमा घोडा, खच्चर, गाई, गोरु, वयल, सुगा, सुँगर, कोइली, हाँस आदि हुन् ।[ज्ञट]

व्यवहारिक रथलाई पनि धार्मिक रथमा जस्तै श्रृंगार गर्ने परम्परा रहेको पाइन्छ । जसमा सुन तथा रत्नले जडित हुन्छ भनी उल्लेख गरिएको छ । त्यस्तै छत्र, ध्वजव सारथी बस्ने स्थान र राजा महाराजाहरु बस्नको लागि सुविधाजनक आशन बनाएको हुन्छ भने युद्धमा प्रयोग गरिने रथमा सारथी र योद्धा बस्ने स्थान त्यस्तै शस्त्र, अस्त्र राख्ने ठाउँ पनि बनाएको हुन्छ । यस प्रकारको रथलाई गुडाउनको लागि पशुहरुको शक्ति प्रयोग गरिन्छ । जसमा घोडालाई प्रयोग गरिन्छ । प्राय जसो व्यवहारिक रथमा एक वा दुई जोडी घोडाको प्रयोग गरिने उल्लेख गरिएको पाइन्छ ।

वैदिक साहित्य, ब्राम्ह्ण साहित्य तथा पुराण परम्पराका आधारमा निम्नानुसार विभिन्न कालमा रथको प्रयोजन वैदिक तथा मानव  संस्कृतिमा भई आएको देखिन्छ ।

---

१५ एनथोनी, पाद.टि. नं. १०, पृ. २२३ ।

१६ घोस्ट लिबर्ट आइक्रोनोग्राफी डिक्सनेरी अफ द इण्डियन रिलिजियोस्, नई दिल्ली, दोस्रो संस्करण श्री सद्‌गुरु पब्लिकेशन,१९८६ पृ. २३६-२३७।

२.१.१ वैदिक कालमा रथ

यस कालमा गाडा अथवा देवदेवीको वाहनलाई नै रथ भनिन्थ्यो । ऋग्वेदमा रथलाई चक्रको सहयोगमा गुड्ने परावहन तथा यातायातको साधनको रूपमा उल्लेख गरिएको छ । यस साहित्यमा रथ अंगहरुको बारेमा वर्णन गरिएको पाइन्छ । जस्तै “प्रधि”, “नेभिः घुरा अणि” हुन् । जसलाई क्रमशः चक्रको बाहिरी घेरा चक्रको मध्यभागको प्वाल, प्वालको घेरा, चक्र अड्याउने काठ, चक्रको चुकुल हुन् । त्यस्तै ब्राह्मण साहित्यमा रथको खम्वा र घुराको लागि प्रयोग गरिने काठको लम्वाई चौडाई १८८ अङ्गुल र १०४ अङ्गुल हुनु पर्ने उल्लेख गरिएको छ ।[ज्ञठ]

वैदिककालमा नवग्रह तथा देवदेवीहरूको रथहरूलाई जिवजन्तुहरूले तान्ने गरिन्थ्यो । सूर्य (भाष्कर) ऋगदेवमा सूर्यको रथबारे यसरी उल्लेख गरिएको पाइन्छ । एक्लै विचरण गर्ने, एकपांग्रे रथमा सप्तवर्ण (रङ्ग) भएको रश्मि (किरण) आफ्नो साथ जोड्दछन् र एक्लै सबैलाई ब्याप्त गर्ने सूर्य रश्मिद्वारा रस लिदै अथवा सप्तर्षिद्वारा स्तुति गरिदै गइरहेका छन् । यो (ग्रीष्म, वर्षा र हेमन्त) तीन नाभिद्वारा कहिल्यै जीर्ण नहुने अनि कसैको सहारा नलिई चल्ने चक्र (संवत्सर)ले चल्दछ । जसमा यी सबलोक स्थित छन् ।[ज्ञड] बरूणको रथमा भने सात घोडा हुन्छ । त्यस्तै अन्य ग्रहहरूमा वृहस्पति बुध, केतु, राहु, शनि, शुक्रको रथमा भने चार जोडी घोडा हुन्छ । चन्द्र (सोम) को रथमा पाँच जोडी घोडा हुन्छ ।[ज्ञढ] वैदिककालिन रथहरूमा घोडाबाहेक अन्य जीवजन्तुहरूको शक्ति प्रयोग पनि हुन्थ्यो । ब्रह्माको रथमा सातवटा हाँस, इन्द्र, कुवेरको रथमा सात वटा गाई हुन्छ । चारवटा सिंह भद्रकालीको रथमा भने मरिचीको रथमा सातवटा सुँगुरहरूले तानेको हुनुपर्ने उल्लेख गरिएको छ ।[द्दण]

२.१.२ बुद्धकालमा रथ

बौद्धकालमा पनि परावहन तथा यातायातको लागि प्रयोग गरिने प्रमुख सवारी साधन नै रथ थियो । बौद्धकालसम्बन्धि केही ग्रन्थहरूको विभिन्न स्थानहरूमा “रथ” सम्बन्धी केही

---

१७ एनथोनी, पाद टि. नं. १३, पृ. २२६ ।

१८ चेतोनाथ शर्मा आचार्य, हाम्रा धार्मिक चाडपर्व (काठमाडौंः सनातनधर्म सेवासमिति, वि.सं. २०४५), पृ. ट-ठ ।

१९ घोस्ट, पाद टि नं. १७, पृ. २३६-३७ ।

२० ऐजन ।

शब्दहरू उल्लेख गरिएको पाइन्छ । जस्तै “रथकाय”, “रथकार” “रथ व्यूह”, “रथ बथान” रथ युद्ध, “रथ सैन्य” शब्दहरूको उल्लेखबाट यस कालमा रथको उपयोगीता धेरै थियो भन्ने अनुमान गर्न सकिन्छ ।[२१] यस समयमा राजा महाराजाहरू रथलाई प्रयोग गरेर गौतम बुद्धका प्रवचन श्रवण गर्न जाने भनी उल्लेख गरिएको पाइन्छ । त्यस्तै बोधिसत्व सिद्धार्थ गौतम, यस रथमा बसेर भ्रमण गरिन्थ्यो । विभिन्न रत्न तथा आभूषणले रथलाई श्रृंगार गरिएको हुन्थ्यो । रथलाई हिउँ जस्तो सेतो दुई जोडी घोडाले तानेर परिक्रमा गर्ने गरिन्थ्यो ।[२२] त्यसबाट बौद्धकालमा रथलाई श्रृगार गर्ने कलाको परम्परा भएको अनुभान गर्न सकिन्छ ।

### २.१.३ पुराणकालमा रथ

विभिन्न पौराणिक ग्रन्थहरूमा यस कालको रथबारे उल्लेख गरिएको पाइन्छ । जसमध्ये महाभारतको विभिन्न पूर्वहरुमा रथको उल्लेख गरिएको पाइन्छ । यस समयमा युद्ध गर्नका लागि रथ नै प्रमुख सवारी साधनको रूपमा प्रयोग गरिएको पाइन्छ । यस ग्रन्थमा युद्धको लागि सर्वोकृष्ट सारथीहरूले रथ चलाउने उल्लेख गरिएको पाइन्छ । रथमा आ-आफ्नो विशेष चिन्हहरू ध्वजामा अंकित गरिएको हुन्छ । जस्तै कर्णको रथमा नागको चित्र भने अर्जुनको रथमा वानर चित्र अंकित थियो ।[२३]

महाभारतको युद्धमा धेरै रथहरूलाई नष्ट गरिएको, ध्वजा पताकाहरू तथा चक्रहरूलाई टुक्रा टुक्रा पारिएको, घोडा र सारथीहरूलाई मारिएको उल्लेख गरिएको छ ।[२४] महाभारतमा उल्लेख भएको रथहरू मध्ये श्रीकृष्ण स्वयं सारथी भएर अर्जुनको रथलाई चलाएको थियो । यस रथलाई अग्निदेवले दिएको दिब्य रथ हो । यस रथमा मनको गतिमा दौडने घोडा र ध्वजामा बानर थियो भनि उल्लेख गरिएको छ ।[२५] कर्णको रथलाई पनि उत्कृष्ट रथ मानिएको छ । जसमा सारथीहरू मध्ये सर्वोत्तम साथी शलभ थियो । जसमा

---

२१ भिक्षु अमृतानन्द *बुद्धकालिन राजपरिवार भाग-२* (काठमाडौं बुद्ध आनन्दकुटी विहार गुठी, संवत् २५१५) पृ. ५६२ ।

२२ भिक्षु, महाप्राज्ञा, ललित विस्तर श्री महाप्रज्ञा भिक्षु, अमृतानन्द भिक्षु, दोस्रो संकरण ने.स. १०९८ पृ.२३ ।

२३ जयदयाल गोयन्दका, *संक्षिप्त महाभारत द्वितीय खण्ड,* चौबीसौं संस्करण ( गोरखापुरः गीताप्रेस, वि.सं. २०५८) पृ १० ।

२४ ऐ.ऐ , पृ. १४ ।

२५ ऐ.ऐ. पृ १५ ।

सेतो ध्वजामा नाग अकिट गरिएको छ । रथमा विभिन्न शस्त्र अस्त्रहरू-गदा, कवच, किङ्किगी, धनुष राखिएको हुन्छ ।[२६]

रामायण महाकाव्यमा पनि रथको उल्लेख धेरै स्थानमा आएको पाइन्छ । रामायणको महाकाव्य राजा दसरथ स्वयं कुशल सारथी थियो । यसकालमा पनि रथलाई ऋंगार गर्ने परम्परा रहेको पाइन्छ । धुम्राक्ष भन्ने राक्षसको रथमा सुनबाट बनेको थियो भने रावणको रथमा रत्न तथा आभुषणले जडित भएको उल्लेख गरिएको छ ।[२७] यस समयमा रथमात्र नभएर विमान पनि भएको उल्लेख छ । रावणको पुष्पक विमान जुन मनको गतिमा उड्ने गर्थ्यो । यसबाहेक राम र रावणको युद्धमा पनि प्रचूर मात्रमा रथको प्रयोग भएको उल्लेख गरिएको पाइन्छ ।

विष्णु पुराणमा पनि “रथ” को उल्लेख गरिएको पाइन्छ । यस ग्रन्थमा विशेष रूपमा नवग्रहका रथको बारे उल्लेख गरिएको पाइन्छ । यस ग्रन्थमा उल्लेख भएअनुसार चन्द्रमाको रथमा तीन चक्र र दक्षिण दिशामा चमेलीको फूल जस्तो पाँच जोडी  घोडाहरू हुन्थ्यो । बुधको रथमा शक्तिशाली पिशंवर्णको घोडा हुन्थ्यो । शुक्रको रथमा “बरूथ”, “अनुकर्ष”द्वारा सजिएको हुन्छ । त्यस रथमा सुरक्षाको लागि बनाएको फलामको आवरणलाई बरुथ भनिन्छ । रथको तल्लो भाग शस्त्र राख्नको लागि अनुकर्ष स्थान बनाएको हुन्छ । त्यसैगरी मङ्गलग्रहको रथमा सुवर्णद्वारा निर्मित हुनु पर्ने उल्लेखित छ । जसमा पदमराज मणि जस्तो अरूण (रातो) वर्णको चार जोडी घोडाहरुबाट तानेको हुन्छ । बृहस्पतिग्रहको रथमा सुनबाट बनेको हुन्छ, यो रथमा चार जोडी पाण्डुवर्णको (पहेंलो) घोडाले तानेको हुनु पर्ने उल्लेख गरिएको पाइन्छ । राहुग्रहको रथमा घूम्रवर्णको (फुस्रो) चार जोडी घोडा हुन्छ र केटुको रथलाई लालवर्णको (रातो) चार जोडी घोडाले तानेको हुन्छ भने शनिग्रहको फलामद्वारा बनेको हुन्छ । यस रथलाई कालो रङ्गको घोडाले तानेको हुन्छ । यी सबै रथहरूलाई वायूको डोरीले बाँधेको हुन्छ ।[२८]

---

२६ ऐ.ऐ. पृ. १ ।

२७ शाक्तिकमार व्यास, *रामायणकालीन संस्कृति,* दोस्रो संकरण, नयाँ दिल्ली सस्ता साहित्यमण्डल वि.सं.१९७१ पृ. ५९ ।

२८ मनुनिलाल गुप्ता, श्री श्री विष्णु पुराण, (गोरखापुर, मोतिलाल जालमा गीताप्रेस, वि.स.२०३३) पृ-१८०-१८५ ।

अमरकोशमा पनि रथको उल्लेख गरिएको पाइन्छ । यस ग्रन्थमा रथलाई विविध भेद गरिएको छ । जसमा युद्ध रथ, पुष्पक रथ र बग्गी रथहरु उल्लेख गरिएको छ । यसबाहेक आइमाईहरूको लागि छुट्टै रथ बनाएको हुन्छ । जसलाई “सर्फि रथ” भनिन्छ । यो रथमा पर्दा लगाएको हुन्छ । यी रथलाई घोडाले तानेको हुन्छ । यस ग्रन्थमा पनि रथको श्रृङ्गार कला बारे उल्लेख गरिएको छ । रथमा बाघको छालाले श्रृंगार गरेको हुन्छ भने कुनैमा सेतो कपडाले बेरेको हुन्छ भनि उल्लेख गरिएको छ ।[द्द]

## २.२ स्थापत्य तथा वास्तुकलामा रथ

“रथ” मन्दिरको अङ्ग पनि हो । यसलाई विमान अथवा प्रशाद पनि भनिन्छ । उत्तर भारतमा मन्दिरको बाह्य संरचनामा बनेको ९एबचतष्तष्यल ध्बीि पर्खाललाई रथ भनिन्थ्यो । चतुष्कोणाकार शिखरशैलीको मन्दिरमा चार कुनामा पत्र-पत्र तह-तह मिलाएर पर्खाल बनाएको हुन्छ । ती किलास पर्खालहरु तीन, पाँच, सात नौ पत्रसम्मको पनि हुन्थ्यो । जसलाई क्रमशः त्रिरथ, पञ्चरथ, सप्तरथ र नवरथ भनिन्छ ।[घण] विमान तथा प्रशादको स्वरूपको आधारमा रथलाई “सात भागमा” विभाजन गरिएको छ । जसलाई नभस्तान भट्क, पुमञ्जन भट्क, निकट भटक, पवन भटक, पृषद भटक, इन्दुक भट्क, अनील भटक पनि भनिन्छ ।[घ३] जुन पहिलो चतुष्कोणाकार दोस्रो षटकोणाकार, तेस्रो दुई वटा काठको पाटा भएको त्यस्तै, चौथौं, पाँचौ, छैठौं र साँतौमा क्रमश तीन, दश, बाह्रवटा काठको पाटा हुन्छ । तर शैलीलाईको आधारमा अर्ध वृत्ताकार, वृत्ताकार बर्तुलाकार, चतुष्कोणाकार, अष्टकोणाकार, षटकोणाकार र अण्डाकार हुन्छ ।[घद्द] रथलाई विभिन्न आधारमा विभाजन गरी विविध नाम दिएको छ । जस्तै नाम र स्वरूपको आधारमा पहिलो नागर शैली जसको स्वरूप चतुष्कोणाकार हुन्छ, दोस्रोमा द्रविड शैली अष्टकोणाकार, तेस्रो अधारशैली षटकोणाकार र चौठौं बेसर शैली वृत्ताकारमा हुन्छ ।[घघ] यस प्रकार मन्दिरहरू उत्तर भारतमा प्रचलित छन् । तसर्थ रथलाई मन्दिरको महत्वपूर्ण अङ्ग मानिन्छ ।

## २.३ रथको प्रयोजन

---

२९ कुल चन्द शर्मा, *अमर कोश,* (काठमाडौं, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान वि.सं.२०२६, पृ.१५३ ।

३० परमेश्वरलाल गुप्ता, भारतीय वास्तुकला, (वारणासी १९७७ विस्त विद्यालय प्रकाशन), पृ. ९४ ।

३१ अचार्य, पूर्ववत् पाद टि नं. १४, पृ. ५११ ।

३२ ऐजन, पृ ५२१ ।

३३ ऐजन ।

रथलाई व्यवहारिक रूपमा दुई प्रकारले प्रयोजन ल्याउने गरिन्छ । पहिलो धार्मिक, दोस्रो सार्वजनिक रथ हुन् ।

### २.३.१ धार्मिक रथ

यो रथ विशुद्ध जात्रा पर्वहरू तथा उत्सवहरूमा प्रयोग गरिने रथ हुन । नेपाल धार्मिक रथहरूमा चारवटा चक्र हुन्छ । यस माथि गर्भगृह हुन्छ । जसमा देवदेवीको चलमूर्ति राखेर नगर वा गाउँ परिक्रमा गराइन्छ । रथलाई परिक्रम गर्दा रथको अगाडि पछाडि धेरै जनसहभागिता हुन्छ । धार्मिक रथहरू विभिन्न शैलीमा निर्माण गर्ने प्रचलन रहेको पाइन्छ । जसमा मुख्य दुई शैलीमा रथ निर्माण गरिएको पाइन्छ । पहिलो तल्ले शैली रथ जसमा दुई वा तीन तल्ला छाना भएको र माथि गजूर, छत्र यस शैलीका रथहरूमा भक्तपुरको भैरवनाथ रथ, भद्रकाली रथ, काठमाडौँको कुमारी भैरव र गणेशको रथ पनौतीको भद्रकालीको रथहरू हुन । दोस्रो शिखरशैलीको रथ जसमा चारवटा पाङ्ग्रा माथि गर्भगृह हुन्छ । यसमाथि समानान्तर रूपमा सानो हुँदै जान्छ । टुप्पोमा, आमलक गजूर छत्र हुन्छ । यस शैलीका रथहरूमा पाटनको रातो मस्त्येन्द्र नाथ, मीननाथको रथ, काठमाडौँको सेतो मस्त्येन्द्रनाथ, दोलखाको मस्त्येन्द्रनाथको रथ (हाल लोप भइसकेको र आजभोली खट्मा राखेर जात्रा गरिन्छ) हुन् ।

यी दुई शैलीबाहेक अन्य विविध शैलिका धर्मिक रथ बनाउने प्रचलन छ । जस्तै पनौतीको पनि उन्मत्त भैरवको रथ, जसमा छाना हुँदैन छत्र मात्र हुन्छ । त्यस्तै चाँगुनारायणको बालगोपालको रथ सानो पाङ्गा माथि चार दिशामा फर्केको हात्ती बनाएको छ र यसलाई पित्तलको छानाले छोपेको हुन्छ । माथिल्लो भागमा गजूर राखिएको छ ।

### २.३.२ सार्वजनिक रथ

रथ विशेष गरेर मानवहरूको परावहन तथा यातायातको प्रमुख साधन हो । राजा महाराजादेखि सर्वसाधारण समेत रथको प्रयोग गरिन्छ । राजा महाराजाहरूले घोडाले तान्ने रथको (बग्गी) प्रयोग गरिन्छ, भने सर्वसाधारणले सामानहरू ओसारप्रसारको लागि वयल तान्ने रथ (गाडा) को प्रयोग गरिन्छ । त्यस्तै रथलाई रणभूमि पनि प्रयोग साधन गरिन्छ । पौराणिक कालमा रणभूमिको लागि रथ नै मूख्य सवारी साधन हो ।

नेवार संस्कृतिमा देवदेवीका रथ भए जस्तै मानवहरूको लागि रथ बनाउने परम्परा विद्यमान छ । नेवारी परम्परा अनुसार ७७ वर्ष ७ महिना ७ दिनको शुभ साइतमा गर्ने भीमरथारोहण गर्ने अवसरमा विशेष प्रकारको रथ बनाइन्छ । जसको तीन तिर खुल्ला र पछाडीको भाग बन्द हुन्छ । स-सानो चारवटा पाङग्रामाथि आशन बनाएको हुन्छ । जसको छाना गुम्बज शैलीमा हुन्छ । जसलाई आफन्तहरुद्वारा पटुकाको सहयताबाट तान्नेर परिक्रमा गराइन्छ ।

## २.४ खट्को अर्थ र परिभाषा

नेपालको धार्मिक, संस्कृतिमा खट्को महत्वपूर्ण स्थान छ । जात्रापर्वहरूमा देवदेवीहरूको चल मूर्तिलाई खट्मा राखेर परिक्रमा गरिन्छ । खट् देवदेवीको रथ जस्तै चलयमान बाहान हो । नेपालमा जात्रापर्वहरूको लागि रथको तुलनामा खट्को प्रयोग धेरै भएको पाइन्छ । जसको प्रमुख कारण पहाडी भौगोलिक बनावट हो । जहाँ रथ गुडाउन लायकको बाटो हुँदैन्थ्यो । खट्लाई साधारण बाटो तथा पहाडी बाटो जस्तोसुकै ठाउँमा पनि सजिलै बोकेर परिक्रमा गराउन सकिन्छ । खट् जात्रा काठमाडौं उपत्यमा बाहेक अन्य क्षेत्रमा पनि हुन्छ । काठमाडौं पश्चिम क्षेत्रमा पर्ने तानसेन, रूरू क्षेत्रमा खट् जात्रा नै प्रमुख जात्रा हुन् । त्यस्तै काठमाडौं उपत्यकाभित्र सात गाउँको जात्रामा पनि खट्कै प्रयोग हुन्छ । त्यसर्थमा जात्रापर्वमा खट् प्रयोग हुन प्रमुख कारकतत्व नै भौगोलिक बनावट अनुसार सजिलै बोकेर परिक्रमा गर्न सक्नु हो । त्यस्तै आजभोली सजिलो र छिटो निर्माण गर्न सकिने भएकोले रथको ठाउँमा पनि खट्को प्रयोगलाई प्राथमिकता दिइएको पाइन्छ । उदाहरणको लागि दोलखाको करूणामयको रथ यात्रा हुनेमा आज खट् जात्रा हुन्छ ।[घद्ध]

रथ अथवा खट् दुवै जात्रा पर्वहरूमा देवदेवीको चल मूर्ति राखेर परिक्रमा गर्ने साधन हो । रथ र खट्को स्वरूपका साथै परिक्रमा गर्ने तरिका फरक हुन्छ । तर प्राचिन नेपालमा प्रकाशित लेखमा "रथ र खट्लाई एउटै हो" लेख्नुभएको छ ।[घछ] तर रथ र खट् भन्न एउटै होइन । रथ खट्को तुलनामा सानो हुन्छ र यसको उपयोग गर्ने तरिका पनि फरक हुन्छ । जस्तै रथ यात्राको लागि १०० सयौं जनसहाभागिताको आवश्यक पर्छ तर खट् जात्रको

---

३४ *दोलखा दर्पण,* (दोलखा साहित्य समाज, वि.स.२०५१) पृ. १०१ ।

३५ नःघभनी, पूर्वत् पाद टि.नं.४, पृ. २ ।

लागि धेरै जनसहभागिताको आवश्यक पर्दैन । रथमा पाङ्ग्रा र डोरी तथा जीवजन्तुको सहायताबाट परिक्रमा गराइन्छ भने खट् मान्छेहरूले काँधमा बोकेर परिक्रमा गराइन्छ ।

रथहरू जस्तै खट्हरूको स्वरूपमा पनि विविधता पाइन्छ । जस्तैः-चारकुने, चारपाटे, षटकोणकार, मारखट् (कुर्सि आकारको) इत्यादि छन् । यसको आकार पनि ठुला साना हुन्छ । खट्लाई परिक्रमा गर्नको लागि कम्तिमा चारजना जनशक्तिको आवश्यकता पर्दछ । सानो विमान खट् र मारखट्लाई एक जना देखि चार जना र अरू खट्लाई चारजना बढि जनशक्तिको आवश्यक पर्छ भने उदाहरणको लागि भक्तपुर नवदुर्गाको “सिफों द्यौं” कों खट् र भक्तपुर कै चण्डी भगवतीको मारखट्को लागि चारजना व्यक्ति आवश्यक पर्छ । त्यस्तै काठमाडौंको अजिमाहरू र भक्तपुरमा अष्टमातृकाको खट्लाई बाह्रजना देखि बीस जना व्यक्तिको आवश्यकता पर्छ । त्यस्तै बनेपाको चण्डेश्वरीको खट्लाई परिक्रमा गर्नको लागि ६० देखि ७० जनासम्मको जनशक्तिको आवश्यक पर्छ । र पनौतीको महादेवको खट्लाई १८ जना व्यक्तिहरूले बोकेर नगर परिक्रमा गराइन्छ ।

खट्लाई देवदेवीको यात्रामा बाहेक सामाजिक कार्यमा पनि प्रयोग गरिन्छ । सामाजिक जनजीवनमा खट्को प्रयोग हालसम्म पनि विद्यमान रहेको पाइन्छ । उदाहरणको लागि पहाडी तथा बाटो घाटोको सुविधा नभएको ठाउँमा बिरामी तथा अशक्तहरूलाई एक ठाउँबाट अर्को ठाउँको लागि डोको प्रयोग गरिन्छ । जसलाई एक प्रकारको खट् मान्न सकिन्छ । डोकोलाई विशेष किसिमले बनाएको हुन्छ । यसमा मान्छेलाई बस्न मिल्ने गरि डोको अगाडि भागको काटेर सुविधाजनक तरिकाले बस्ने मिल्ने गरी बनाएको हुन्छ । (चित्रफलक-५) त्यस्तै विवाहमा दुलहीलाई राख्नको लागि पनि खट् बनाइन्छ । जसलाई तामनानी भनिन्छ । यसको विचभागमा दुलही बस्ने ठाउँ बनाएको हुन्छ । अगाडि र पछाडिबाट मान्छेले बोकेर लगिन्छ ।

खट्लाई नेवारी सामाजिक जनजीवनमा पनि उपयोग गरिएको पाइन्छ । हाल लोप भइसकेको र आजभन्दा २० वर्ष अगाडिसम्म चलन चल्तीमा रहेको “डु” (डोरी) पनि एक प्रकारको खट् हो । जुन विवाहमा दुलही राखेर लानको लागि प्रयोग गरिन्छ । जसलाई कपडाले बेरेर, बाँसको नोलमा झुण्डयाएको हुन्छ । जसलाई अगाडि पछाडि एक एकजना व्यक्तिहरूको काँधमा बोकेर लगिन्छ । (चित्र नं. ६) त्यस्तै नेवारी समाजमा अर्को खट् “कूट”

हो । शवयात्रा गर्ने क्रममा शबलाई बाँसले बनाएको खट्मा राखेर शब यात्रा गरिन्छ । जुन बाँसलाई काँचो धागोले बाधेर बनाइन्छ । (चित्र नं. ७)

कुनै विशेष उत्सव तथा जात्राहरूमा विशेष प्रकारको खट् बनाउने प्रचलन छ । भक्तपुरमा गाईजात्रा (साँया) मा शिखर शैलीको खट् बनाएर परिक्रमा गरिन्छ । यस खट्लाई स्थानीय भाषामा "तहाँ-साँ" भनिन्छ । (चित्र नं. ८) यसलाई चारवटा बाँसलाई उठाएर शिखर शैलीको आकारमा बनाएको हुन्छ । जसलाई छ जनाले काधँ बोकेर नगर परिक्रमा गराइन्छ । त्यस्तै अर्को खट् बाँस र परालद्वारा खट् बनाएको हुन्छ । जसलाई "भैंल द्यौँ" भनिन्छ । (चित्र नं.९)

खट्हरूको स्वरूप र यसको विशेषता बारे विभिन्न ग्रन्थहरूमा उल्लेख गरिएको पाइन्छ । उर्ध्वाम्नाद ध्यानमा[घट] खट्को बारेमा यसरी उल्लेख गरिएको छ । रत्नको सिँहासनको बिचमा कमलको फूल कोरिएको हुनु पर्छ भनि उल्लेख गरिएको पाइन्छ । देवघर (द्यौ छे) मा देवदेवीलाई राखेको आशनको मुनि दाँया बायाँ दुईवटा सिहँ राखिएको हुन्छ, र बिचमा यन्त्र कोरिएको हुन्छ । यस्तै प्रकारको सिंहमाथि भएको आसनलाई सिँहासन वा खट् भनिन्छ । यस दृष्टिमा सिहाँसन भन्नु र खट् भन्नु उहि हो ।[घठ] (चित्र फलक नं. ३ र ४) सिहासनमा कमल फुलको बिचमा त्रिकोणाकार यन्त्र राखेको हुन्छ । जसलाई तिनै लोकका मोहीनी रूप भएकी साक्षत देवी विराजमान हुन्छिन ।[घड] यसरी यन्त्र कोरियन प्रचलन हालसम्म पनि विद्यमान रहेको छ । (चित्र फलक नं.१०) यन्त्रलाई धातुमा पनि उत्किर्ण गरिएको पाइन्छ । भक्तपुरमा प्रचलनमा रहेको नवदूर्गाको विमान खट्मा पनि यन्त्र उत्किर्ण गरिएको छ । यस खट्मा पदम यन्त्र कोरिएको छ । (चित्र फलक नं.११)

खट्को उल्लेख भएको अर्को ग्रन्थ वृहत्पुरश्चर्याणव द्वितीय भागमा[घढ] यसरी उल्लेख गरिएको छ । खट्को चारकुनामा रहेको चारवटा ठाम धर्म, ज्ञान, बैराग्य र ऐश्वर्यको प्रतिक

---

३६ रत्न सिंहासने न्यस्त त्रिकोणोस्ज्वल कर्णिके,
पदमे सचिन्तये देविं सिंहासनमा देविं साक्षात्रलोकय मोहिनीम ॥ ३॥ ३०७
नःघभनी, पूर्ववत्, पाद टि नं. ४, पृ.३ ।

३७ ऐजन ।

३८ ऐजन ।

३९ मञ्चकं चसमभ्यर्च्य तत्रपाद चतुष्टषे ॥२।३२२
धर्मज्ञान च वैराग्यमैश्वर्य च क्रमाद्यजेत ॥२।३२२।
ऐजन ।

हुन ।[40] त्यस्तै वृहत्पुरश्चर्याणवको शरमन्त्रध्यानादिमा[41] उल्लेख भएअनुसार तल्ले शैलीको मन्दिर तथा खट्को छाना अड्याउनका लागि कुनामा राखिने काठ जसलाई “कुशल” (कु:सिं) भनिन्छ । जुन बलियो तथा शक्तिशाली हुन्छ । यस ग्रन्थ अनुसार कुशललाई रुद्र रूप शरभ हुन ।[42] देवदेवीहरूको चल मूर्ति राखेर जात्रा गरिने खट्हरू तिन तल्लासम्मको छाना हुन्छ ।

काठमाडौं उपत्यकाको प्रायजसो खट्हरू दुई तल्लाको हुन्छ र कुनै तीन तल्लासम्म छाना भएको हुन्छ । यी तीन छाना तीन गुणका प्रतिक हुन् । जुन दिव्यभाव, वीरभाव र पशुभाव हुन भनि उल्लेख गरिएको छ ।[43] राजश्री ध्यानको वृहत्पुरश्चर्याणवमा[44] उल्लेख भएअनुसार खट्का चारवटा ठाम ब्रह्मा, विष्णु, महेश्वर र इश्वरका रूप हुन् र ओछ्याइएको काठको फल्याक सदशिव हुन् ।[45] त्यस्तै वृहत्पुरश्चर्याणवको[46] श्री विद्याप्रकरणमा खट्को चारदिशामा रहेको काठको (फल्याक) पाटोहरूलाई चार प्रतिक मानेका छन् । जसमा पूर्वलाई क्षेत्रपाल, पश्चिमलाई योगिनी, उत्तरमा बटुक भैरव र दक्षिणा गणेशको प्रतिक मानेका छन् ।[47] गुह्येश्वरी ध्यानमा[48] खट्को चारकुनालाई चारवेद, चारयुग र चारवर्ण (रंग)को प्रतिक मानेको छ । यसमा उल्लेख गरेअनुसार पूर्व दिशा ऋग्वेद सत्ययुग र शुक्लवर्ण हुन्छ । दक्षिण दिशा यर्जुवेद, त्रेतायुग र पीतवर्ण, पश्चिम दिशा सामवेद, द्वापरयुग

---

४० ऐजन ।

४१ कालाग्नि रुदः शरभो देवता परिकीर्तित ॥
छन्दस्तु ध्रगती स्वाहा शक्तिवीजं श्वमुच्यते ॥२।४५९.
ऐजन ।

४२ ऐजन, पृ. ५ ।

४३ त्रिगुणंव ततः कूर्च युग्मं लज्जा युगं ततः ॥
ऐजन ।

४४ तत्र सिंहासन रम्यं ब्रहनात्मकं स्मृतम् ॥
ब्रह्मच्युतंश्च रुद्रेशाँ मञ्न पाद चतुष्टयमं ॥
तदूध्र्व मञ्च फलकरुपो देव सदाशिव :॥३॥१२५
ऐजन, पृ.३ ।

४५ ततोऽष्ट द्वारपालन पूजयेत क्रमतो बुद्ध :॥
पछिमे योगिनी पूर्वे क्षत्रपाल च दक्षिणे ।
गणेश मुक्तरे चैव बटुकं पूजयत् पुनः ॥
ऐजन् पृ. ५ ।

४६ ऐजन् पृ. ६ ।

४७ ऐजन ।

४८ धारयन्त्र चतुष्कोणे युगवेदं विचिन्तयेत् ।
सत्ययुगं च ऋग्वेद शुल्कवर्ण च पुर्वतम् ॥
त्रेतायुगं यजुर्वेद पीतवर्ण च दक्षणम् ॥
द्वापर सामवेद च रक्त पच्छिमदिग्गतम् ॥
अर्थवेंद च कलिं श्याममुत्तर दिग्गतम् ॥
ऐजन् पृ. ५ ।

र रक्तवर्ण हुन्छ । र उत्तर दिशा अर्थव वेद, कलियुग र श्यामवर्ण हुन्छ । यसरी विभिन्न ग्रन्थमा खट्को उल्लेख गरेको पाइन्छ ।

## २.५ नेपालमा रथ तथा खट् प्रचलन

नेपालमा प्राचीनकालदेखिनै रथ तथा खट्को परम्परा रहेको पाइन्छ । विशेषत अभिलेखहरूमा रथ तथा खट् यात्राको बारेमा उल्लेख गरिएको पाइन्छ । मध्ययुगमा देव यात्रा तथा जात्रा पर्वहरु सञ्चालन गर्नको लागि राज्यले करसमेत लिने व्यवस्था थियो । यसबाट सम्पूर्ण भारतवर्षमा प्राचिनकालदेखि नै देवदेवीहरूको यात्रामा रथ तथा खट् प्रयोग भएको अनुमान गर्न सकिन्छ ।

लिच्छविकालमा निर्माण भएको स-साना ढुङ्गाबाट बनेको मन्दिरहरू पाइन्छ । जसको चारकुनामा चारवटा दुङ्गाको खम्बा हुन्छ खम्बामाथि डुगांकै छाना राखेको हुन्छ । र यसको गजूर पनि डुगांकै हुन्छ । मन्दिरको विच भागमा गर्भगृह हुन्छ । यस्तो वास्तु नमूनाहरूमा विशेषगरी शिवलिङ्ग स्थापना गरिएको हुन्छ । यस मन्दिरको स्वरूप र मध्यकालदेखि प्रचलनमा रहेको खट्को स्वरूपमा समानता रहेको छ । तर खट् काठ र धातुबाट बनेको र जुन चलयमान हुन्छ । यस प्रकारको मन्दिर पशुपतिनाथको मन्दिर परिसरमा र खोला किनारमा अवस्थित छ । त्यस्तै बनेपाको कृष्ण मन्दिरको प्राङ्गनमा अवस्थित शिवलिङ्ग भएको मन्दिर हो । जुन मन्दिरहरू खट् शैली निर्माण भएको छ । (चित्र नं.२७)

नेपालको अभिलेखहरूमा पनि रथ तथा खट् जात्राहरूको बारेमा उल्लेख गरेको पाइन्छ । लिच्छविकालिन अभिलेखहरूमा जात्रापर्ववहरुको बारेमा उत्कीर्ण गरिएको पाइन्छ । यसप्रकार ऐतिहासिक प्रमाणको आधारमा नेपालमा लिच्छविदेखि नै रथ र खट् बनाउने परम्पराको थालनी भएको मान्न सकिन्छ । जयदेव द्वितीयताको अनुमान गरेको नक्साल नारायण चौरको अभिलेखमा[४९] रथको काम गर्ने कालिगढहरूलाई पारिश्रमिक बारे उल्लेख गरिएको छ । यसमा वर्णन गरेअनुसार दरबारको रथ श्रृंगार गर्ने "सिन्द्रिर शेवारिक"लाई "असि पण" दिनु, रथ ठड्याउने, मर्मत गर्ने श्रृंगार गर्नेलाई "असि पण" दिनु भनेर उल्लेख

---

४९ प्रासाद रथचित्रण सिन्ट्रिदौंवारिक स्यशीतिः पण पुराण : ।
थोत्तोलने प्रसाद संकारे च सवर्वपच्छिदने प्रतिवर्ष वेत्रदीवारिकस्याशीति : पण ।
धन बज्र बज्राचार्य, *लिच्छविकालका अभिलेख, द्वितिय संस्कर,* (काठमाडौं नेपाल एसियालि अनुसन्धान केन्द्र त्रिविवि २०५३), पृ.५६४ ।

गरिको छ । यस पुरातात्विक प्रमाणको आधारबाट यस कालमा रथको उपयोग गर्ने परम्पराको थालनी भएको अनुमान गर्न  सकिन्छ ।

लिच्छविकालको अर्को एक अभिलेखमा पनि पशुपत्ति क्षेत्रमा हुने जात्राको बारेमा उल्लेख गरिएको छ । वि.सं.५९८ (संवत् ५२०) को शिवदेव र अशुवर्माको संयुक्त खोपाशीको अभिलेखमा[छण] "द्वारोघाटन जात्रा" र "कैलाश यात्रा"को बारेमा उल्लेख गरिएको छ । यस शिलालेखबाट यस कालमा जात्रा र देवयात्रा हुन्थ्यो । यस लागि रथ तथा खट् प्रयोगको बारेमा स्पष्ट उल्लेख गरिएको छैन । त्यस्तै देवदेवीहरूको चलमूर्तिहरूको प्रदर्शन हुन्छ, हुँदैन भन्ने बारे पनि जानकारी पाउन सकिँदैन । तर पशुपति क्षेत्रमा खट् जात्रा हुन्छ भन्ने अनुमान मात्र गर्न सकिन्छ ।

वि.सं. ६७६ (संवत् ७१) नरेन्द्रदेवको देउपातको कसाईटोलस्थित अभिलेखमा[छज्ञ] "वृजिकरथ्यानिवासी" उल्लेख गरिएको छ । यसबाट त्यस कालमा वृजिकहरूको वस्तीमा रथ तान्न लायकको फराकिलो बाटे भएको अनुमान गर्न सकिन्छ । यस समयमा रथ तान्नको लागि चौडा र फराकिलो बाटो बनाउने प्रचलनमा रहेको बुझिन्छ । यस अभिलेखबाट प्रमाणिक रूपमा "सम्वत् ७१" अगाडि नै रथ यात्राको परम्परा प्रचलन रहेको अनुमान गर्न सकिन्छ । यस्तै रथ तान्नको लागि भक्तपुरमा गाहित्रीबाट भेलुखेल-लिङ्गो उठाउने स्थानसम्म विशेष तरिकाले बनाएको छ । यो बाटो उकालो र घुमाउरो भएकोले रथ तान्नको लागि बाटोको दुईतिर ढल जस्तो बनाएको छ । जसमा रथको दुईतिर पाङग्रा सो ढलमा पर्छ र रथ तान्ने बेलामा रथ सन्तुलनमा हुन्छ । जसबाट रथ तान्न पनि सजिलो हुन्छ ।

लिच्छविकालमा खट् यात्राको प्रारम्भ भएर मध्यकालमा आएर रथ जात्राको परम्परा पनि सुरूवात भएको विभिन्न वंशावलीमा उल्लेख गरिएको पाइन्छ । मध्यकालमा राजा नरेन्द्रदेवले भारतको कामरूप कामाक्षबाट पद्मपाणी लोकेश्वरलाई नेपालमा ल्याएका थिए । र यस देवतालाई बुङ्गमती र पाटनको तः बाहमा मन्दिरको स्थापना गरिएको थियो । प्रत्येक वर्ष पानमा र बाह्र वर्षमा एक पटक बुङ्गमतिबाट पाटनसम्म रथयात्रा चलाएका थिए । जुन हालसम्म पनि विद्यमान छ । चार पाङग्रा भएको शिखरशैलीको रथमा पद्मपाणि

---

५० द्वारोघाटन कैलाश..........यात्रायोश्य भवन मिः (बज्राचार्य, पूर्ववत्, पाद टि नं. ४७) पृ. २७४ ।
५१ व्यवस्था वृजिकरथ्यानिवासी मधुसुदनस्वमी पाञ्चलिकसामान्य इति,  ऐजन, पृ. ४७५ ।

लोकेश्वरको मूर्ति राखेर पाटन शहरको विभिन्न टोलमा यात्रा गराइन्छ।[छद] यस रथसँगै अर्को रथ पनि हुन्छ। जसमा मीननाथको मूर्ति राखेर आर्यवत लोकेश्वरसँगै पाटन शहरमा रथ यात्रा गरिन्छ। (परिशिष्ट-ग)

जात्रापर्व तथा रथयात्राको उल्लेख गोपालराज वंशावलीमा पनि उल्लेख गरिएको छ। यस वंशावलीको "३५ पत्रको "ख" खण्डमा श्री जगत्मल्लदेवका छोरा श्री जयकीर्ति मल्लदेवको जन्म भयो र एक महिनापछि जात्राको लागि आए[छघ] भन्ने उल्लेख गरिएको छ। यसअनुसार नेपाल सम्वत ३७० (वि.सं. १३०५) मा जात्रा हुन्छ भन्ने अनुमान गर्न सकिन्छ। तर कुन स्थानमा र कस्तो प्रकारको जात्रा भयो भन्ने बारे केही पनि स्पष्ट उल्लेख गरिएको छैन। यसै वंशावलीको अर्को नेपाल सम्वत् ४९० (वि.सं. १४२८) "५६ पत्र"को खण्ड "ख" मा वैशाख शुक्ल तृतीयाको दिन श्रीश्री जयस्थितीमल्लदेव ललितपुरको मनिगालमा जात्रा हेर्नको लागि गएको र सुनको तोरण हालि दिएको राजालाई बाटोमा कपडा विछ्याएर स्वागत[छद्ध] गरेको उल्लेख छ। यसबाट जात्रा पर्वहरूमा राजाहरूको पनि उपस्थिती हुन्थ्यो र यस प्रकारको साँस्कृतिक गतिविधिलाई राज्य समेतले मान्यता दिएको पाइन्छ।

रथको उल्लेख अन्य वंशावलीमा उल्लेख भएअनुसार नेपाल सम्बत् ६७० (वि.सं. १६०७) मा भक्तपुरका राजा विश्वमल्लले देउपाटनको श्लेषमान्तक वनबाट काठ झिकेर भक्तपुरको भैरवनाथको रथ बनाएको उल्लेख छ।[छछ] यस रथलाई विस्केट जात्रामा यात्रा गर्ने परम्पराको थालनी भयो। जुन हालसम्म पनि विद्यमान रहेको छ। राजा भुपतिन्द्रमल्लले विस्केट जात्रालाई व्यापक बनाउने क्रममा भैरवनाथ र भद्रकालीको रथलाई आकारमा ठूलो र कलाकौशलले श्रृंगार गरिएका थिए। राजा भूपतिन्द्र मल्ले भैरवनाथको रथलाई तल्ले शैलीमा तीन तल्ला र पाङ्गालाई ठूलो बनाएका थिए। यस रथमा सुनको मोलम भएको

---

५२ डेनियल राइट, *हिष्ट्री अफ नेपाल* (काठमाडौं: नेपाल एण्टिकुटि बुक पब्लिसर इ.स. १९७२). पृ. ४०

५३ स ३७० कार्तिक कृष्ण द्वितया श्रीजगतमलदेवस्य पुत्र श्री जयकीर्तिमलदेवस जात।
लिछिसन जात्रा यातबया॥
धनबज्र बज्राचार्य र कमल प्रकाश मल्ल, *गोपालराज वंशावली* (काठमाडौं: एशियाली अनुसन्धान कैन्द्र त्रि.वि.वि., इ सं. १९८४) पृ. ४३।

५४ ४९० वैशाख शुद्रि ३ श्री श्री जयस्थिति राजमल देवस्य,
मनिगल स्मस्तसन जात्रा विज्यायकाटोम लु तोरण वृन्दन माल खास्य बंशाइ लास्यां।
ऐजन् पृ ६४।

५५ बलरामा कायष्ठ "भक्तपुर शहरमा मनाइने केही ऐतिहासिक चाडपर्वहरू" (काठमाडौं: ने.इ.सं.पृ. विभाग, शोधपत्र त्रि.वि.वि. वि.स. २०५०), पृ. २०।

छाना, गजूर र तोरणहरू राखेर थिए ।[छट] यसरी मल्ल कालमा रथ तथा खट्हरूमा गजूर, घण्टी, सुन लेपन भएको छाना, पटाका, छत्र, बस्त्रहरू राखेर श्रृंगार गर्ने परम्पराको विकास भएको अनुमान गर्न सकिन्छ ।

मल्लकालको अन्तिम राजा जयप्रकाशमल्लले चलाएको श्री कुमारी, श्री गणेश तथा श्री भैरवनाथ यात्रा हुन । यस यात्रालाई राजा जयप्रकाश मल्लले ने.स. ८७६ (वि.सं. १८१३) मा कुमारी “द्यौं छे” बनाएर भाद्र शुक्ल पुर्णिमाका दिन रथयात्रा सुरूवात गरेको थियो ।[छठ] यस रथ यात्रा इन्द्र जात्रा (येयाँ) को अवसरमा काठमाडौँको हनुमान ढोका क्षेत्रबाट सुरू हुन्छ । यस रथलाई तीन तल्ले शैलीमा बनाएको छ । जसमा सुनको लेपन भएको छाना र गजु। राखिएको छ ।

## २.६ निष्कर्ष

रथ वैदिककालदेखिनै प्रचलनमा रहेको पाइन्छ । यस समयमा नवग्रह तथा अन्य देवदेवीको आ-आफ्नो रथहरू हुन्छन् । जसलाई तान्नको लागि जिव जन्तुको प्रयोग गरिन्छ । बैदिक साहित्यहरूमा रथको बारे वर्णन गरेको पाइन्छ । यसमा रथको आकार प्रकारलगायत रथका अङ्गहरू र रथ तान्नको लागि प्रयोग हुने जिवजत्नुको समेत चर्चा गरिएको पाइन्छ ।

रथ पुराणकालमा आएर व्यापकता पाएको पाइन्छ । यसलाई युद्धको रणभूमि प्रयोग गरिने प्रमुख साधन हो । यसकालमा रथहरूलाई सुन तथा आभुषण श्रृगार गर्ने परम्पराको विकास भएको पाइन्छ । त्यस्तै रथ बौद्धकालमा पनि प्रचलनमा रहेको छ । यस समयमा राजा महाराजाहरूको पराबधर्नको प्रमुख साधन नै रथ थियो ।

प्राचिनकालमा खट्को स्वरूपमा मन्दिरहरू निर्माण भएको पाइन्छ । जुन मध्यकालमा प्रचलनमा रहेको रथ तथा खट्सँग समानता राख्दछ । तसर्थ मध्यकालमा निर्माण भएका विभिन्न मन्दिरहरूमा रथलाई विशेष महत्वको साथ अकिट रहेको पाइन्छ । रथ तथा खट्लाई प्रस्तर कलामा काष्ठकलामा र चित्रकलामा समेत उत्किर्ण गरिएको छ ।

---

५६ लीलाभक्त मुनाकर्मी, भक्तपुरको भैरव जात्राको एक चर्चा, “खोपृङ्ग अंक १ वर्ष वि.सं. २०४९ पृ.१५” ।

५७ चुन्दा, बज्राचार्य, *नेवाः तजिलजिइ नखःचख :*(काठमाडौँःनेपाल भाषा एकेदमि, ने. स्. ११२०), पृ ९७ ।

रथ तथा खट् देवदेवीहरूको मात्र नभएर मानवहरूको लागि पनि बनाएको पाइन्छ। जस्तै नेवार समुदायको शव यात्रा गर्दा बनाउने "कुट" विवाहमा दुलही राख्ने "डु" (डोली) र भीमरथारोहण गर्ने बेलामा प्रयोग गरिने रथ प्रमुख हुन्।

# तेस्रो अध्याय

# भक्तपुरमा प्रचलित रथ र खट् जात्रा प्रदर्शन गरिने जात्रापर्वहरू

भक्तपुर किरातकालदेखि नै नगरको रूपमा विकास भएको क्षेत्र हो । पुरातात्विक प्रमाणको आधारमा लिच्छविकालका अभिलेखहरूमा भक्तपुरलाई विभिन्न नामले प्रस्तुत गरिएको पाइन्छ । संवत् ३८६ (वि.सं. ५२१)को मानदेवको चाँगुको अभिलेखमा भक्तपुरलाई “खकम्प्रिङ्ग ग्राम” उल्लेख गरिएको छ[छड] भने मानदेवकै समयको संवत ३९९ (वि.सं. ५३४) पशुपति रत्न संघको अभिलेखमा “खोपृङ्ग ग्राम” उल्लेख छ ।[छढ] त्यस्तै भक्तपुर तुलाछें टोलस्थित संवत ५१६ (वि.स. ६५१) शिवदेव र अशुवर्माको संयुक्त अभिलेखमा “खृपुङ्ग ग्राम” उल्लेख छ । यसै संवतको गोल्मढी टोलको अभिलेखमा “मा खोपृं सतल द्रङ्ग” उल्लेख गरिएको छ ।[टण] “खेपृङ्ग” शब्द संस्कृतभाषाको नभएर किरात भाषाको शब्द हो । तसर्थ भक्तपुर शहर लिच्छविकाल भन्दा अगाडि किराँतकालमा नै बस्ति बसेको अनुमान गर्न सकिन्छ ।

यसरी किराँतकालदेखि विकास भएको भक्तपुर वि.सं. दशौं शताब्दीमा आएर धार्मिक तथा संस्कृतिको विकास भएको अनुमान गर्न सकिन्छ । राजा आनन्ददेव प्रथमले वि.सं. ९३० माघ कृष्ण प्रतिपदा सोमबारका दिन पूर्व क्षेत्रको “सात गाउँः साँगा, नाला, बनेपा, धुलिखेल, चौकेट, खर्पु र पनौती” लाई भक्तपुरमा गाभिएको थियो ।[टज्ञ] र आनन्ददेव द्वितीयले, भक्तपुरलाई यन्त्र आकारमा अष्टमातृको स्थापना गरेका थिए । वि.सं. १२०३ मा शहर भित्र अष्ट गणेश, अष्ट भैरब र मध्य भाग त्रिपुरासुन्दरीको स्थापना गरिएका थिए ।[टद्द] यस नगरलाई बस्ती बसाल्ने क्रममा भगवान् विष्णुको शंख आकारमा विस्तार गरिएको छ ।[टघ] यस नगर धार्मिक र सांस्कृतिक मात्र नभएर कला तथा वास्तुकलामा पनि उत्कृष्ट छ ।

---

५८ पूर्ववत्, बज्राचाय पाद टि नं.४८, पृ. १३ ।

५९ ऐजन पृ. २५३ ।

६० ऐजन पृ. २४९ ।

६१ भुवनलाल प्रधान, *नेपालको इतिहास र संस्कृति पक्ष* (काठमाडौं ने.रा.प्र.प्र. २०५५) पृष्ठ ९१ ।

६२ पुरुषोत्तमलोचन श्रेष्ठ, *भक्तपुरको नवदुर्गा गण* (भक्तपुर : बबिता श्रेष्ठ वि.सं. २०६०) पृष्ठ १७ ।

६३ परिस बोरन, *पिक्चरक्युश अफ नेपाल* (नयाँ दिल्लीः टुडे एण्ड टुमारो पिण्टरस् एण्ड पब्लिसर, इ.स. १९८४) ।

जसमा पाँच तल्ले मन्दिर, ५५ झ्याले दरबार, शिखर तथा तल्लेशैलीका मन्दिर, पाटि पौवा, गुम्बज शैली मन्दिर ढुंगे धारा आदिका लागि भक्तपुर शहर प्रसिद्ध छ । यस शहरमा साँस्कृतिक रूपमा जात्रा पर्वको लागि प्रसिद्ध छ । जहाँ वर्षभरि नै विभिन्न रथ तथा खट् जात्रा भइरहन्छ ।

### ३.१ रथ र खट् जात्रापर्वहरू

मध्यकाल र यसभन्दा पहिले नै प्रारम्भ भएको धार्मिक, सामाजिक जात्रापर्वहरू तथा उत्सवहरू हालसम्म पनि विद्यमान छ । मध्यकालमा विकास भएको कला, संस्कृति र वास्तुकलाको आफ्नै महत्व छ । जसमा उत्कृष्ट कला र श्रृगांरले युक्त रथ तथा खट्को जात्रा गर्ने परम्परा छ । जसको लागि भक्तपुर प्रख्यात छ । यस शहरमा जात्रापर्वको लागि मन्दिरशैलीमा रथ तथा खट्को निर्माण गरिएको हुन्छ । जात्रापर्वको अवसरमा देवदेवीहरूको चल मूर्तिलाई रथ वा खट्मा राखेर नगरमा परिक्रमा गराइन्छ । रथलाई मानिसहरूले डोरीको सहायताले तानेर र खट्लाई काँधमा बोकेर यात्रा गराइन्छ ।

रथ तथा खट् जात्राहरू वार्षिक तथा बाह्र वर्षमा हुनेगर्छ । जात्रा हुनेमा शाक्त देवीहरूको प्रमुख स्थान रहेको छ । प्रायःजसो शाक्त देवीहरूको रथ वा खट् जात्रा गर्ने परम्परा छ । यस बाहेक पनि अन्य सम्प्रदायहरूको पनि रथ तथा खट् जात्राहरू हुन्छ । वैष्णव सम्प्रदायमा कृष्ण अष्टमीमा कृष्णको मूर्तिलाई खट्मा राखेर जात्रा गरिन्छ भने शैव सम्प्रदायमा महादेवको खट् र भैरवको रथ तथा खट् जात्रा गर्ने प्रचलन छ । बौद्ध सम्प्रदायमा पनि बैशाख पूर्णिमाको दिन बुद्ध मुर्तिलाई खट्मा राखेर नगर परिक्रमा गरिन्छ । जात्रा गर्नको लागि मन्दिरको मूर्तिलाई विशेष पूजा गरेर रथ वा खट्मा राखेर परिक्रममा गरिन्छ । मन्दिरमा प्रतिस्थापित सबै देवदेवीहरूको मूर्तिलाई जात्रा भने गरिदैन । भक्तपुरको अष्टमातृका मध्य बराहिको जात्रा वर्षमा दुईपटक हुन्छ र दुईवटा मूर्तिको जात्रा गर्ने परम्परा छ । मुख्य देवदेवीको मूर्तिलाई विचमा राखेर अन्य देवदेवीहरूलाई दायाँबायाँ प्रतिस्थापित गरेको छ । मन्दिरको मुख्य मूर्तिलाई मात्रा जात्रा गरिन्छ तर कुनै कुनै मन्दिरको दुईवटा मूर्तिलाई जात्रा गरिन्छ र जात्रा गर्ने समय भने फरक छ ।

नेपालमा विभिन्न जात्राहरूमध्ये भक्तपुरमा हुने रथ तथा खट् जात्रा प्रख्यात छ । भक्तपुरको भैरवनाथ रथ नेपालकै ठूलो रथ हो । यस रथलाई मध्यकालदेखि जात्रा गर्ने

परम्पराको प्रारम्भ भएको पाइन्छ । नेपाल सम्बत ६७० मा भक्तपुरका राजा विश्वमल्ल रथ बनाएर भैरवनाथको रथ यात्राको प्रारम्भ गरेका थिए ।[६४] यस नगरमा दुई प्रकारको जात्रा प्रचलनमा छ । पहिलो त्वाः जात्रा जुन आ-आफ्नो सीमित क्षेत्रमा मात्र हुन्छ, भने दोस्रो नगरको सम्पूर्ण भागमा जात्रा हुन्छ । भक्तपुरका प्रमुख जात्राहरू विस्केट जात्राको अवसरमा सम्पूर्ण अष्टमातृका, त्रिपुरा सुन्दरीलगायत भैरव, गणेश जात्रा हुन्छ भने अन्य समयमा चण्डी भगवती, कृष्ण, चण्डेश्वरी तथा टोल टोल भएका देवदेवीहरूको पनि जात्रा हुन्छ । त्यस्तै गाईजात्रा विभिन्न गाईको रूपमा बनाएको खट् जात्रा आदि हुन् ।

### ३.१.१ रथ जात्रा

भक्तपुर धेरै जात्रा मध्ये बिस्केट जात्राको अवसरमा गरिने भैरवनाथ र भद्रकालीको रथ जात्रा हो । यी दुवैको रथ जात्रा एकहप्तासम्म हुन्छ । विक्रम सम्बतको मसान्तको चार दिन अगाडि अर्थात ३१ को महिना भए चैत्र २८ गते र ३० को महिना भए चैत्र २७ को गतेदेखि नयाँ वर्षको वैशाख ५ गतेसम्म हुन्छ । भक्तपुर शहरको मध्यमाग टोमदी टोलमा करिब एकमहिना अगाडिदेखि रथहरूको निर्माण कार्य शुरू हुन्छ । भैरवनाथको रथ तीन तल्ला भएको तल्ले शैलीको र भद्रकालीको दुई तल्ला भएको तल्लेशैलीको हुन्छ । रथ जात्राको पहिलो दिन रथको अगाडि “बेटासिं” मा बेतालको मूर्तिलाई बेतले बाँधेर राखिन्छ । भैरबनाथको मूर्तिलाई विशेष पूजा गरेर रथको गर्भ गृहमा प्रतिस्थापित गरिसकेपछि रथलाई अगाडि र पछाडिबाट तानिछ । सो दिन रथलाई भक्तपुरको तल्लो क्षेत्रमा टोमदी टोलबाट तल्लो क्षेत्र गाःहिटी, बोलाछे, घटखा, नासमना, मुलाखु, वंश गोपाल, टेखापुखु, भार्वाचो र माथिल्लो क्षेत्रः क्वाछे, साकोथा, टिबुक्छे, सुकुलढोका गोल्मदी, पलिखेल, इनाचो, तचपाल, (चित्र नं.२) लानुपर्ने हुन्छ स्थानीय भाषामा यसलाई “द्यौः क्वा विज्यागु” भनिन्छ । रथ तान्ने क्रममा दुई तिरबाट तान्ने हुनाले जुन क्षेत्रको मानिसहरूले तान्न सक्यो उतै तिर लगिन्छ । अर्थात रथ तल्लो या माथिल्लो क्षेत्रमा मध्य दुवै क्षेत्रमा लानसकिन्छ । रथलाई तल्लो तथा माथिल्लो जतातिर लगे पनि सो दिन रथलाई स्थानीय गाःहिती टोलमा ल्याउनुपर्छ । जसलाई “द्यौः थाटटे तयगु” भनिन्छ । यसरी नै भद्रकालिको रथलाई पनि यात्रा गराइन्छ । प्रायजसो यो रथलाई बच्चाहरूले तान्ने गरिन्छ । यसको तीन दिनपछि अर्थात चैत्र मसान्तको दिन भैरबनाथको रथलाई लिङ्गो उठाउने स्थान भेलुखेलमा लगिन्छ । रथलाई

---

६४ कायष्ठ, पूर्ववत् पाद टि. नं. ५४, पृ २० ।

भेलुखेलमा पुगेपछि विस्केट जात्राको मुख्य आकर्षण लिङ्गोलाई उठाउँछ । नयाँ वर्षको साँझ लिङ्गोलाई ढालिसकेपछि पूर्वक्त मार्ग भएर रथलाई गाःहिटीमा ल्याउँछ । दुवै रथ जुधाउने जात्रा हुन्छ । जसलाई “खः ल्वाकेगु” भनिन्छ । बैशाख ५ गते अर्थात् बिस्केट जात्राको अन्तिम दिन भैरवनाथको रथलाई माथिल्लो क्षेत्रमा यात्रा गराइन्छ । यसबेला पनि दुवैतिर तान्ने हुनाले दुवै क्षेत्र माथिल्लो या तल्लो क्षेत्र जता पनि लान सकिन्छ । र जात्रा विर्सजन गर्नको लागि रथलाई टोमेदी टोलमा नै ल्याउनुपर्छ ।[६५] यसरी भक्तपुरको रथ यात्रा सम्पन्न हुन्छ ।

### ३.१.२ खट् जात्राहरू

भक्तपुर मुख्यत विस्केट जात्राको अवसरमा सम्पूर्ण अष्ट मातृका र त्रिपुरा सुन्दरलगायत अन्य देवदेवीहरूको खट् जात्रा हुन्छ । प्राय देवीहरूको वर्षको एकपटक मात्र खट् जात्रा हुन्छ भने कुनै कुनैको दुई पटक पनि हुन्छ । बिस्केट जात्राको समयमा सबै अष्ट मातृकाहरूलाई “द्यौः छें”को तल्लो तल्लामा राख्ने गरिन्छ । भक्तपुरको सबै द्यौः छें को तल्लो तल्लामा विशेष प्रकारको आशन बनाएको हुन्छ । जसको निर्माण ढुङ्गाबाट भएको हुन्छ । यसको स्वरूप पनि विविधता पाइन्छ । कुनैमा तोरण छ भने, कुनैमा छैन र आकारमा पनि ठूला साना पाइन्छ । (चित्र नं. २.३) यसको प्रयोग बिस्केट जात्रा र दशैंमा प्रयोग गरिन्छ ।

#### ३.१.२.१ बाराही खट् जात्रा

बाराहिको जात्रा वर्षको दुईपटक हुन्छ । पहिलो बिस्केट जात्रा र दोस्रो गाईजात्रामा हुन्छ । बिस्केट जात्राको अवसरमा चैत २९ र ३० गते हुन्छ । विस्केटमा जात्रा “द्योः छे” बाट बाराहीको मूर्तिलाई सानो विमान खट्मा राखेर चारजनाले बोकेर मध्यरातमा बराहीको पिठमा लगिन्छ । यसलाई स्थानीय भाषामा “हि फय् यगु” अर्थात बलि पूजा ग्रहणको लागि लगिन्छ । र सोहि रात “द्यौः छें” मा नै फर्काउँछ । भेलुखेलमा लिङ्गो उठाइसकेपछि बराहिको अर्को खट् जात्रा हुन्छ । जसलाई स्थानीय भाषामा “तिं प्वा जात्रा” भनिन्छ । यस जात्रामा निगालोलाई मुठा बनाएर एक प्रकारको चिराग जस्तो बालेर मानिसहरु खट्को अगाडि अगाडि बराही-पीठसम्म पुग्छ । यो जात्रा शुरु हुन अगाडि नै खट्लाई यथोचित श्रृंगार गरि तयार गरि राखेको हुन्छ । यस खट्मा बाराहीको मूर्तिलाई राखेर निश्चित मार्ग भएर

---

६५ भैलनाय कृष्णबहादुर भैलका अनुसार ।

बाराहीपीठतिर लगिन्छ । यस जात्राको मार्गहरुमा मूलाखु, तेखाचो, थुचो मंगल तिर्थ हुन्दै बाराही-पीठसम्म प्रदशिणा पथ नभई उल्टो दिशाबाट खट्लाई यात्रा  गराइन्छ । खट्लाई फर्काउने क्रममा भक्तपुरको तल्लो क्षेत्र सम्पूर्ण टोलहरूमा पूजाको लागि लगिन्छ । अर्को दिन अर्थात् वैशाख १ गतेको राति मात्रा यो खट्लाई द्यौ छें फर्काउने गरिन्छ । फर्काउने क्रममा पनि बाजा गाजासहित तल्लो क्षेत्रको प्रायःजसो टोल-टोलमा पूजा थाप्नको लागि लगिन्छ । स्थानीय भाषा यी टोलहरूलाई “न्हेस त्वा”भनिन्छ । “न्हेस त्वा” का मुख्य टोलहरूः- थुचो मूलाखु, नासमना, लाकुछे गल्लि डुम्लप्चा, तेखाचो, कमि नःनी वंशगोपाल, दोक्छे, तापालाछि, तःकुने, भार्वाचो टेखा पुखु हुन् ।

३.१.२.२ महाकाली र महालक्ष्मी खट् जात्रा

विस्केट जात्रामा वैशाख २, ३ गते भक्तपुरको सम्पूर्ण अष्ट मातृकाहरूको जात्राको क्रममा महाकाली र महालक्ष्मीको खट् जात्रा हुन्छ । यी दुवै देविको खट् तल्लेशैलीको दुई तल्ला छाना भएको हुन्छ । महाकालीको द्यौ छेबाट महाकाली मूर्ति र महालक्ष्मीको द्यौ छेबाट महालक्ष्मीको मूर्तिलाई खट्मा राखेर स्थानीय टोलहरूमा परिक्रमा गराइन्छ । यसरी देवीहरूको यात्रा गर्ने क्रममा स्थानीय भजन तथा बासुरी समूहहरूले खतको अगाडी र पछाडि भजन गर्दै यात्रा गराइन्छ । जसमा धेरै जनसमुदायको उपस्थिति हुन्छ । यस दिन जात्रा हुने टोलहरूमा छोरी ज्वाइँ तथा अन्य आफन्तहरूलाई निम्ता गरी भोज खुवाउने प्रचलन रहेको पाइन्छ ।

यी दुवै खट्हरूमा पटाका, वस्त्र, घण्टीहरू झल्लर र अन्य श्रृगार गरिसकेपछि खट्मा मूर्तिलाई राखेर खट् यात्रा आ-आफ्नो देव गृहबाट सुरू हुन्छ । यसरी खट् जात्रा गर्दा खट्को पछाडि एकजना व्यक्तिले खट्लाई ठूलो र झल्लर भएको छाता ओढाएर खट्सँगै हिँडेको हुन्छ । यी दुवै खट् जुधाउने जात्रा हुन्छ । यो तीनपटकसम्म हुन्छ । खट् जुधाउने जात्रालाई स्थानीय भाषामा “खःल्वाकेगु” भनिन्छ ।[८८]

३.१.२.३ ब्रम्हायणी र माहेश्वरी खट् जात्रा

महाकाली र महालक्ष्मीको खट् जात्रा जस्तै बिस्केट जात्राको अवसरमा ब्रम्हायणी र माहेश्वरीको पनि जात्रा हुन्छ । यी देवीहरूको चल-मूर्तिहरूलाई खट्मा राखेर स्थानीय

६६ रोर्बट आई लेभि मेसोकोज्म, (नयाँदिल्ली मोटीलाल वंशिधर पब्लिसर १९९२) पृ ४८७ ।

टोलहरूमा जात्रा गरिन्छ । यी खट्हरूमा पनि गजूर, बस्त्र, घण्टी पटाका झल्लरहरू राखेको हुन्छ । खट्लाई जात्रा गर्ने बेलामा भजन समुहहरूले खट्को अगाडी पछाडि बसेर भजन गर्दै जान्छ । यी दुवै खट्लाई आफ्नो देव गृहबाट यात्रा गराइन्छ र दुवै खट् भेट भएपछि "खः ल्वाकेगु" जात्रा हुन्छ । यो जात्रामा पनि खट्हरूलाई तिन पटकसम्म जुधाउछ । यसरी खट् जुधाइ सकेपछि खट्हरू आ-आफ्नो देवगृहमा फर्काउछ ।

### ३.१.२.४ कुमारी खट् जात्रा

बिस्केट जात्रामा अरू अष्टमातृका जस्तै कुमारीको पनि खट् जात्रा हुन्छ । यस खट् जात्रामा कुमारीको मूर्तिलाई खट्मा राखेर स्थानीय टोलमा परिक्रमा गरिन्छ । जात्रा गर्ने खट्लाई अन्य अष्टमातृका खट्हरू जस्तै श्रृंगार गरिएको पाइन्छ । खट्को स्वरूप र जात्रा गरिने समयमा स्थानीय जनसहभागिता पनि अन्य अष्टमातृकाहरूको जस्तै नै हुन्छ । यस खट्लाई परिक्रमा गर्ने प्रमुख टोलहरुमा क्वाछेँ, टोमदी, भगवटी स्थान, सुकुलदेका, टिवुक्छेँ हुन् ।

### ३.१.२.५ इन्द्रायणी खट् जात्रा

अष्टमातृका मध्ये अर्को देवी इन्द्रायणीको पनि बिस्केट जात्रा अवसरमा खट् जात्रा हुन्छ । यस देवीको अरू अष्टमातृका जस्तै मूर्ति नभएर मुकुट मात्र हुन्छ । जात्राको समयमा यस मुकुटलाई खट्मा राखेर स्थानीय टोलहरूमा परिक्रमा गराइन्छ । यस खट्को स्वरूप अरू अष्ट मातृकाहरू जस्तै भए पनि यसको आकार भने ठुलो तथा चारकुने आकारमा छ । जुन नयाँ बनाएको हो ।

इन्द्रायणीलाई बिस्केट जात्रामा बाहेक भाद्रशुक्ल पूर्णिमा (इन्द्रजात्रा) पनि खट् जात्रा गरिन्छ । यस अवसरमा इन्द्रायणीको खट्लाई जात्रा गरि भक्तपुरको सिद्ध पोखरी क्षेत्रमा परिक्रमा गराइन्छ । यसरी परिक्रमा गर्ने बेलामा खट्को अगाडि र पछाडि भजन समुहले भजन गर्दै जान्छ ।

### ३.१.२.६ चण्डी भगवती खट् जात्रा

ज्येष्ठ कृष्ण पक्ष बछला गाः सिथि च-ह्रेका दिन चण्डी भगवतीको खट् जात्रा हुन्छ । सानो मार खट्मा भगवतीको मूर्ति राखेर, स्थानीय टोलहरूमा परिक्रमा गराइन्छ । यस

खट्को स्वरूप कुर्सि जस्तो द्वन्द्व र मध्य भागमा देवीको मूर्तिलाई राखेर चारजना मानिसहरूले बोकेर परिक्रमा गराइन्छ । यो खट्मा साविक खट् जस्तै काठबाट बनेको छ । जसको छानारहित स्वरुपको आधुनिक काठको मेचको आकार दिएको पाइन्छ ।

३.१.२.७ भीमसेन जात्रा खट् जात्रा

गाईजात्राको भोलिपल्ट अर्थात् गुलाँगाका दिन दतात्रय (तचपाल) टोलमा भीमसेनको जात्रा हुन्छ । दुई तल्ला तल्ले शैली खट्मा भीमसेनको चल मूर्तिलाई राखेर प्रदक्षिण पथको आधारमा परिक्रमा गरिन्छ । यात्रा गरिने खट्लाई स्थानीय भजन समुहको सक्रियतामा खट्लाई श्रृगार गरिन्छ । खट् बनाउन श्रृंगार गर्नका लागि विशेष रूपमा तचपाल धल्चा भजनको सक्रियतामा हुन्छ । यस खट्लाई बोक्नका लागि करिब १०, १२ जना व्यक्तिहरूको आवश्यक पर्छ ।

३.१.२.८ भैरबनाथ खट् जात्रा

गाईजात्राको तेस्रो दिन टोमदी टेलाबाट भैरबको खट्लाई परिक्रमा गरिन्छ । यस खट् सानो तर तीन तल्ला भएको तल्ले शैलीमा बनाएको हुन्छ । भैरबको खट् १० वर्ष अगाडि यसै शैलीको खट् ठुलो तथा बोक्नका लागि धेरै जनशक्ति आवश्यक पर्दथ्यो । भैरबनाथ मन्दिरको “नाय”का अनुसार यस खट्लाई भैरवनाथको मन्दिर जस्तै तीन तल्ला छानाको तल्ले शैलीमा बनाएको छ । प्रत्येक तल्लाको छाना मुनि चारैतिर एउटा एउटा “छ पा भ्याः” राखिएको छ । खट्को गर्भगृहमा तीन तिर खुल्ला र पछाडि बन्द गरिएको छ । खट्को दायाँबायाँ बोक्नका लागि नोल राखिएको छ । खट्को श्रृगारको लागि गजूरबाट तलतिर बस्त्र, पटाकाहरू राखेको हुन्छ । यस खट्लाई पहिलो दिन तल्लो क्षेत्रमा र दोस्रो दिन माथिल्लो क्षेत्रमा परिक्रमा गराइन्छ ।

३.१.२.९ अन्य खट् जात्राहरु

भक्तपुरमा रहेको अन्य खट् जात्राहरूमा त्रिपुरा सुन्दरीको बिस्केट जात्रामा स्थानीय टोलहरूमा हुन्छ । चण्डेश्वरीको वैशाख पूर्णिमाको दिन देव गृहबाट चण्डेस्वरीको मूर्तिलाई खट्मा राखेर स्थानीय टोलहरूमा जात्रा हुन्छ । भने १२ वर्षमा एक चोटी गाईजात्रामा भक्तपुर नगरमा प्रदक्षिण पथको आधारमा परिक्रमा गराइन्छ । त्यस्तै विस्केट जात्रा कै

अवसरमा चोछेँ टोल स्थित "छुमा गणेश" खट् जात्रा हुन्छ । यी सबै देवदेवीहरूको खट् अष्ट मातृकाको खट्सँग समानता रहेको पाइन्छ ।

भक्तपुर कतिपय खट् जात्राहरू लोप भइसकेको पाइन्छ । जुन हाल प्रचलनमा रहेको पाईदैन । रोर्वट, आई लेभिको ग्रन्थमा उल्लेख भएको गोपि नाथको खट् जात्रा हाल प्रचलन रहेको छैन । त्यस्तै सूर्य विनायक गणेशको खट् जात्रा पनि हाल प्रचलनमा छैन त्यस्तै अन्य धेरै स-साना टोलमा भएको देव देवताहरूको जात्रा लोप भइसकेको छ । (परिशिष्ट-च)

३.१.२.२ सायाँ (गाईजात्रा)

भक्तपुरमा माइने खट् जात्रामध्ये एक महत्वपूर्ण सापारुको गाईजात्रा हो । तर यस जात्रामा कुनै देवदेवीताको मूर्तिलाई परिक्रमा नभई यसमा मृत्यु प्राप्त गरिसकेका दिवंगत आत्माहरुको सम्झनामा मनाइने हुनाले यस जात्राको छुट्टै महत्व छ । यस जात्रामा वर्ष भरिमा मृत्यु भएको घरबाट गाईको रूपमा विभिन्न प्रकारका खट्हरू "ताहा" साँ" "डोको" दो साँ (साँडे) भैरव खट्हरू हुन । "ताहाँ साँ" खट् जवान तथा वृद्धबृद्धाको लागि बनाइन्छ भने "डोको" (स्थानिय भाषामा "डोकोचाँ") बच्चाहरूको लागि बनाउने प्रचलन पाइन्छ ।[६८]

"ताहा साँ" खट् बोक्नको लागि चारजना र र अगाडि पटुका समात्नको लागि दुइ जना जम्मा छ जनाको आवश्यकता पर्छ "डोको" खट्को एक जनाले डोकोलाई टाउकोमा राखेर परिक्रमा गराइन्छ । त्यस्तै "साँदे खट्लाई चारजना र छत्र समात्नको लागि एकजना ५ जना हुन्छ । यी खट्हरूलाई पदक्षिणा पथको आधारमा नगरमा परिक्रमा गराइन्छ । यसरी भक्तपुर नगरमा परिक्रमा गर्नको लागि करिब ३ देखि ४ घण्टा सम्म लाग्छ ।

३.२ नेपालका अन्य रथ तथा खट् जात्राहरु

रथ र खट् जात्रा भक्तपुरमा प्रायःजसो देवदेवीहरूका हुन्छन् । बिस्केट जात्रा मात्र बिक्रम् संवत्को गते अनुसार हुन्छ भने अन्य सम्पूर्ण जात्राहरू तिथिको आधारमा हुन्छ । रथ र खट् जात्रा भक्तपुरमा मात्र नभएर नेवार वस्ति विस्तार भएको क्षेत्रहरूमा पनि जात्रा पर्वहरूमा रथ तथा खट्को प्रयोग गर्ने परम्परा छ । काठमाडौँमा "येयाँ" भाद्र शुल्क पूर्णिमामा कुमारी (हेर्नुस् परिशिष्ट-ग) भैरव, गणेशको रथहरू जात्रा हुन्छ । पाँहाचः ह्वेमा

---

६७ एजेन्, पृ. ४४४ ।

काठमाडौँमा प्रतिस्थापित आठवटा अजिमाहरू आठ अजिमाहरू लुमँधि अजिमा, कंग अजिमा, म्हेपि अजिमा, तकति अजिमा, यममरु अजिमा, बहला अजिमा, लुतिमरु अजिमा जात्रा हुन्छ। तर लुतिमरू अजिमाको भने बाला चःहेमा खट् जात्रा गरिन्छ। यस अवसरमा अनय देवदेवीहरुको खट् जात्रा हुन्छ। जसमा गणेश लगायत अन्य देवदेवीहरु हुन्। लुतिमरू अजिमा बाहेक अन्य अजिमाहरूको जात्रालाई "अजिमपिनिगु द्यौः खः ल्वाकेगु" अजिमाहरूको खट् जुधाउने भनिन्छ। सातवटा अजिमाहरूको खट् जात्रा गर्ने परम्परा भए तापनि हाल प्रचलनमा तीन अजिमाहरूको मात्र पाँहाचः ह्रेमा खट् जात्रा हुन्छ।[६८] चैत्र शुक्ल अष्टमीमा काठमाडौँको सेतो-मत्स्येन्द्रनाथको रथयात्रा हुन्छ। शिखरशैलिको रथमा सेतो मत्स्येन्द्रनाथको मूर्तिलाई राखेर रथ यात्रा गरिन्छ। हेनुस् (परिशिष्ट-क)

पाटनमा वैशाख प्रतिपदाको दिनदेखि रातो मत्स्येन्द्रनाथ र मीननाथ रथ जात्रा हुन्छ। शिखरशैलिको दुई भिन्नाभिन्नै रथमा मुर्ति राखेर रथ यात्रा गरिन्छ। रथ यात्रा पुल्चोकबाट प्रारम्भ भएर जावलाखेल पुगेपछि भोटो जात्रा सकेपछि यो जात्रा सम्पन्न हुन्छ। बाह्र वर्षमा एकपटक हुने यस रथ जात्रामा पाटनको जावलखेल र बुङ्गमतीको जावलखेलमा गरि दुईपटक भोटो देखाउने हुन्छ। अरु प्रत्येक वर्ष रातो मस्त्येन्द्रनाथको मूर्तिलाई विमान खट्मा राखेर पाटनमा ल्याउँछ। (परिशिष्ट-ख) पनौतीमा जेष्ठ पूर्णिमा ब्राम्हायणीको दुई तल्ले शैलिको खट्मा राखेर जात्रा गरिन्छ। त्यस्तै महादेवलाई एकतल्ले छाना भएको खट्मा र छाना नभएको रथमा उन्मत भैरवको, दुईतले शैलिको रथमा भद्रकालीको जात्रा हुन्छ। स्थानीय बजारको पुलिस पल्चा अगाडि भैरब र भद्रकालीको रथ जुधाउने जात्रा हुन्छ।[६९] विस्केट जात्रामा ठिमी विभिन्न देवदेवीहरूको ३२ वटा खट् र बोडेको सात वटा खट्को खट् जात्रा हुन्छ।[७०] कटुन्जेको शुसिल भैरवको बिस्केट जात्रा समयमा नै तल्ले शैलिको खट्मा मूर्ति राखेर परिक्रमा गरिन्छ। चाँगु नारायणमा बालगोपाल मूर्तिलाई खट्मा राखेर खट् जात्रा हुन्छ। वैशाख पूर्णिमाको दिन बनेपामा तल्ले शैलि दुई तल्ला भएको करिब ६० जना व्यक्तिहरूले काँधमा बोकेर जात्रा गरिन्छ। त्यस्तै उपत्यका बाहिर पनि विभिन्न समयमा विभिन्न देवदेवीहरूको जात्रा गर्ने परम्परा छ। पश्चिम क्षेत्रको पाल्पामा भगवती मूर्तिलाई खट् राखेर तानसेन नगर परिक्रमा गराइन्छ। नुवाकोटमा भैरवको खट् जात्रा हुन्छ। पूर्व

---

६८ चुन्दा, पूर्ववत्र पाद टि.नं.५५, पृ.९६-९८।

६९ महादेवको खट बनाउने हरिकृष्ण प्रजापतिका अनुसार।

७० चित्रकार, सुलोचना, बोडेस्थित मातृका पिठहरूको सांस्कृति अध्ययन, शोधपत्र त्रि.वि.वि.(२०४९) पृ. ६१।

क्षेत्रमा दोलखामा करूणामयको रथ जात्रा गर्ने परम्परा थियो ।[७१] तर हाल करूणामयको रथ जात्रा नभएर खट् जात्रा गर्ने प्रचलन छ ।[७२] रथ तथा खट् जात्राको परम्परा अन्य स्थानमा पनि भएको पाइन्छ । मार्ग शुल्क चतुर्थीदेखि दशमीसम्म काठमाडौं उपत्यकाको सात गाउँमा खट् जात्रा हुन्छ । त्यस्तै राजा आनन्ददेवले भक्तपुरअन्तर्गत बसालेको सात शहरमा साँगा, नाला, बनेपा, धुलिखेल, चौकोट, खर्पु र पनौती पनि बिस्केट जात्रा तथा अन्य समयमा रथ तथा खट् जात्राको परम्परा छ । विशेष गरी नेवार वस्ति भएको प्रायःजसो स्थानमा रथ तथा खट् जात्राको परम्परा हालसम्म  अटुट रूपमा विद्यमान रहेको पाइन्छ ।

काठमाडौँको जीवितदेवी कुमारीलाई विभिन्न पर्वहरूमा खट् तथा रथमा राखेर परिक्रमा गराइन्छ । कुमारीको मुख्य खट् यात्राहरूमा पौष शुक्ल पक्ष पोहेलाथ्व अष्टमीका दिन काठमाडौं जन वहाल स्थिती सेतो मत्स्येन्द्रनाथको स्नान गर्ने अवसरमा कुमारीलाई कुमारी घरबाट खट्मा राखेर जनबाहालमा ल्याउँछ । त्यस्तै पाँहचःहेको घोडाजात्राको अवसरमा टुँडिखलेमा घोडा जात्रा नजर गर्नको लागि कुमारीलाई खट्मा राखेर लगिन्छ । कुमारी अर्को खट् यत्रा भाइ कृष्ण पक्ष गुलाँ गा द्वितियाका दिन काठमाडौँको बाह्र वहिमा भ्रमण गराइन्छ । यसरी भ्रमण गर्नको लागि खट्मा राखेर भ्रमण गराइन्छ ।[७३] (परिशिष्ट-ङ)

## ३.३ रथ तथा खट् अंकित विविध कला वास्तुकलाका नमूनाहरू

रथ तथा खट् अकिंत विवश कला वास्तुकलाका नमुनाहरु रथ तथा खट्हरुलाई विभिन्न वास्तुकलामा श्रृंगारको रूपमा राखिएको पाइन्छ । रथहरुलाई ब्राम्हण साहित्यहरुमा उल्लेखव गरे जस्तै प्रस्तर काष्ठ र चित्रकलामा उत्किर्ण गरिएको छ । कुनै मन्दिर वास्तुकलामा स्थानिय  क्षेत्रमा प्रचलित रथलाई अंकित गरिएको छ । जस्तै भक्तपुरको भैरवनाथको रथलाई नवदर्गाको देवगृहको आँखी झ्यालमा अंकित गरिएको छ । त्यस्तै रथ जात्रालाई चित्रकलात्मक रूपमापति कोरिएको पाइन्छ । काठमाडौं उपत्यकामा मुख्यतया निम्न कला र वास्तुकलामा रथ तथा खट्लाई कुदिएको पाइन्छ ।

---

७१ हरिराम जोशी ज्युले लेख्नु भएको नेपालका चाडपर्वमा दोलखाको करुणामयको रथ यात्राको फोटो छापिएको छ । तसर्थ पहिले करुणामयको शिखरशैलिको रथ यात्रा गर्ने परम्परा थियो । फोटो छापिएको पृ. २३३ ।

७२ दोलखा दर्पण, दोलखा साहित्यक समाज २०५, पृ. १०१ ।

७३ माइकल आलन, *"द कलट अफ कुमारी"* (काठमाडौंः मण्डला बुक प्वाइट, इ.स्. १९९२) पृ २८/२९/३० ।

### ३.३.१ प्रस्तर मूर्ति तथा वास्तुकलामा कुँदिएका रथ र खट्

रथलाई प्रस्तर कलामा कुँदिएको पाइन्छ । कुँदिएका पनौतीको इन्देश्वर महादेवको मन्दिरको प्राङ्गनमा रहेको सूर्यको मूर्तिमा सातवटा घोडा भएको रथमा सूर्यलाई राखिएको छ । जसमा सारथी सहित नवग्रहको मूर्तिहरूसमेत कुँदिएको छ । विशेषत चन्द्र र सूर्यको मूर्तिमा रथमो प्रयोग गरिएको हुन्छ । चन्द्रको रथमा सातवटा हाँस र सूर्यको रथमा सातवटा घोडा हुन्छ । (चित्र नं. १२) भक्तपुरको राष्ट्रिय संग्राहलयमा रहेको चन्द्रको मूर्तिमा सातवटा हाँसले तानेको रथ कुँदिएको छ ।

रथलाई मध्यकालमा निर्माण भएको मन्दिर वास्तुकलामा पनि कुँदिएको पाइन्छ । पाटनको मंगलबजारमा अवस्थित शिखरशैलीको कृष्ण मन्दिरमा विभिन्न पौराणिक पुराण महाभारत महाकाव्यको युद्ध पर्व ढुगांमा उत्किर्ण गरिएको छ । जसमा युद्धमा प्रयोग भएको रथहरूलाई अंकित गरिएको छ युद्धको दृश्य देखाउनका लागि घोडाले तान्ने रथमा बसेर युद्ध गरेको दृश्यहरूलाई कलात्मक रूपमा कुँदिएको पाइन्छ ।

### ३.३.२ मन्दिर वास्तुकलाको काष्ठकलामा कुँदिएका रथ तथा खट्

रथलाई काष्ठकलामा पनि श्रृगारको रूपमा प्रयोग गरिएको पाइन्छ । विशेष रथको प्रयोग काठको झ्यालहरूमा भएको पाइन्छ । काठमाडौँ कुमारी घरमा दोस्रो तल्लाको दायाँ बायाँ चन्द्रसूयको रथ अंकित गरिएको छ । (चित्र नं.१३) जुन कलात्मक आँखिझ्यालहरूको मध्यमा सूर्यलाई सातवटा घोडाले तानेको रथ कुँदिएको छ । चन्द्रलाई सातवटा हाँसले तानेको रथ कुँदिएको छ । त्यस्तै काठमाडौँ हनुमान ढोका नजिकको श्वेत भैरवमूर्तिको दायाँ बायाँ उत्तरभिमुख झ्यालहरूमा पनि चन्द्रसूर्यको रथसहितको मूर्ति अंकित गरिएको छ । (चित्र नं.१४) यस झ्यालमा अत्यन्त सुन्दर तथा कलात्मक छ । जसमा तोरण पनि राखिएको छ । भक्तपुरको नवदुर्गा "द्यौःछेँ" को एउटा झ्यालमा भैरवनाथको रथ अंकित गरिएको छ । यस द्योः छेँ को दोस्रो तल्लाको उत्तरभिमुख झ्यालमा रथ अंकित गरिएको छ । यस झ्याल स्थानीय भाषामा "भैलःखः झ्या" भनिन्छ । (चित्र नं.१५) यस झ्यालमा रहेको रथ र भक्तपुरमा विस्केट जात्राको अवसरमा यात्रा गरिने रथ एकै शैलीका हुन् । रथलाई दाँया बायाँबाट देखिने भागलाई अंकित गरिएको छ । यस रथमा अगाडिको भाग बेतासीदेखि पछाडिको भागसम्म देखिन्छ । यस रथमा तल्ले शैलीको तीन तले छाना र गर्भ गृहको तीनवटा झ्यालहरूलगायत दुईवटा पाङग्रासमेत स्पष्ट देखिन्छ ।

### ३.३.३ चित्रकलामा कुँदिएका रथ तथा खट्

रथलाई चित्रकलाको माध्यमबाट पनि यसको महत्व तथा ऐतिहासिकता बुझ्न सकिन्छ । मध्यकालमा कोरिएको पौँभा चित्रमा रथ तथा यससम्बन्धी जात्रालाई कोरिएको छ । जुन सन् १९१७ मा कोरिएको पौभा चित्रमा पाटनको रातो अर्यावतलोकेश्वरको रथ र जात्राको दृश्यलाई कोरिएको छ । यस चित्रमा बग्गी रथ (घोडाले ताने रथ) तथा हात्ती र सर्वसाधारणहरूको दृश्यहरू पनि कोरिएको छ ।[ठद्ध] मध्यकालको अर्को पौभाचित्रमा मस्त्येन्द्रयनाथको जात्रालाई कोरिएको छ । जसमा जात्रामा सहभागी भएका सर्वसाधारण लगायत राजा महाराजाहरूको चित्र पनि अंकित गरिएको छ ।[ठछ] त्यस्तै हड्सनको संकलनमा रहेको एक पौँभा चित्रमा रातो मत्स्येन्द्रनाथको रथ र जात्राको बारेमा कोरिएको छ । यस

---

७४ भिरगाती आने, *गड्स, म्यन, एण्ड टेरिटोरी,* (नयाँ दिल्लीः अजयकुमार जेन इ.सं. १९९५ चित्र फ.नं. २६ ।

७५ ऐजन, चित्र फ.नं. २७ ।

पौभा चित्रमा जात्रा सहभागी भएको भक्तजनहरू र राजा महाराजाहरू हात्ती चढेको कोरिएको छ । यसमा रातोमत्स्येन्द्रनाथ र मीननाथको रथलाई पनि कोरिएको छ ।

## ३.४ निष्कर्ष

भक्तपुरमा विभिन्न समयमा रथ तथा खट् जात्राहरु हुन्छन् । देवदेवीहरु आ-आफ्नो चलयमान बाहन रथ तथा खट्मा चल मूर्तिहरुलाई राखेर टोल तथा नगरमा परिक्रमा गराइन्छन् । भक्तपुरमा यस प्रकारको जात्राहरु कुनै विक्रम सम्वटको आधारमा हुन्छ भने कुनै तिथि अनुसार हुन्छ । यस शहरमा बैशाख महिनामा रथ तथा खट् जात्रा विक्रम सम्बतको अनुसार हुन्छ र अन्य जात्राहरु तिथि अनुसार हुन्छ ।

भक्तपुरमा प्रमुखरूपमा शाक्तसम्प्रदायका अष्टमात्रृका, नवदुर्गा, चण्डेश्वरी, चण्डी भगवती हुन्छ भने शैव सम्प्रदाय अन्तर्गत भैरवको जात्रा हुन्छ । यस शहरमा देवदेवीको मात्रा जात्रा नभएर विभिन्न प्रकारको अन्य खट् जात्रा पनि हुन्छ । जस्तै गाईजात्राको अवसरमा ताहाँ साँ, दो साँ, डोको चा, भैल द्यौः खट्हरुको जात्रा हुन्छ ।

जात्रापर्वहरुमा प्रयोग गरिने रथ तथा खट्लाई विवध कला बास्तुकलामा श्रृंगारको रुपमा प्रयोग गरिएको पाइन्छ । जसमा मध्यकालताका निर्माण भएको मन्दिर वास्तुकलामा उत्किर्ण गरिएको छ । त्यस्तै यस प्रकारको जात्रापर्वहरुलाई पौमा चित्र समेत कुँदिएको पाइन्छ । जसबाट त्यस कलामा रथ तथा खट् जात्रापर्वहरुको लागि महत्वपूर्ण रहेको छ ।

भक्तपुरमा जस्तै काठमाडौं उत्पयका र यसको पूर्व क्षेत्रमा पनि विभिन्न समयमा रथ तथा खट् जात्रा हुन्छ । जुन तिथि र मितिको आधारमा हुन्छ । जसमा बिस्केट जात्रा हुने क्षेत्रमा मिति अनुसार र अन्य तिथि अनुसार हुन्छ । तसर्थ रथ तथा खट् जात्रा भक्तपुरमा मात्र नभएर अन्य पनि हुन्छ ।

# चौथो अध्याय

# रथ तथा खट्को स्थापत्यकलागत संरचना र निर्माणशैली

जात्रापर्वहरुमा जात्रा गर्नको लागि देवदेवीहरुको आ-आफ्नो शैलीको खट्हरु रहेको पाइन्छ । यस प्रकारको रथ तथा खट्लाई जात्राको समयमा स्थापना गरेर जात्रा सम्पन्न भइसकेपछि त्यसलाई निकालेर भण्डार गर्ने प्रचलन रहेको छ । जसको लागि मन्दिर परिसरमा नै छुट्टै स्थान राखेको हुन्छ । रथ तथा खट्लाई बनाउनको लागि गुठि तथा भजन समूहहरुको सक्रिय भूमिका रहेको पाइन्छ । जसमा यसलाई बनाउनको लागि आवश्यक काठ तथा औजारहरुको व्यवस्था गरिन्छ । भैरवनाथ र भद्रकालीको रथ बनाउनको लागि सरकारको गुठि संस्थानबाट आर्थिक सहयोग गरिन्छ । भक्तपुरमा प्रचलनमा रहेको रथ तथा खट् तान्त्रिक तथा विभिन्न यन्त्र शैलीमा बनाएको हुन्छ । जसमा आकर्षक बनाउनको लागि विशेष श्रृंगार पनि गरिएको हुन्छ ।

रथ तथा खट्मा प्रयोग हुने संरचना र मन्दिरमा प्रयोग हुने संरचनामा समाजता रहेको पाइन्छ । जसको नामकरण समेत एकै प्रकारको पाइन्छ । जस्तैः छाना, गजूर, गर्भगृह, झल्लर आदि हुन् । रथ तथा खट्लाई बेदमा उल्लेख भए अनुसार बनाएको हुन्छ । तल्ले शैलीमा निर्माण भएको भक्तपुरमा प्रचलित भैरवनाथको  रथ "तान्त्रिक र श्रीयन्त्र" को शैलीमा निर्माण भएको छ ।[७८] नेपालमा दुई शैलीमा रथ तथा खट्हरुको  बनाउने प्रचलनमा रहेको पाइन्छ । पहिलो शिखर शैलीका रथ तथा खट् दोस्रो तल्ले शैलीका रथ तथा खट्हरुका हुन् । भक्तपुरको सन्दर्भमा शिखर शैलीका रथ छैन तल्ले शैलीका रथ मात्र छन् ।

## ४.१ रथ तथा खट्का संरचनाहरू

रथ तथा खट्हरूको स्वरूप तल्ले तथा शिखर शैलीका मन्दिर जस्तै निर्माण गरिएको हुन्छ । जसमा मन्दिरहरूकै तत्व तथा भागहरू मिलाएर एक निश्चित स्वरूप दिएको हुन्छ । जसको नामकरण मन्दिरमा जस्तै हुन्छ । तर निर्माण सामग्रीहरू भने भिन्नै हुन्छ । मन्दिरहरूमा ढुङ्गा, ईट, काठ र धातुको हुन्छ, भने रथ तथा खट्मा काठको धेरै प्रयोग हुन्छ

---

७८ एम. मेरी. एण्डेंसन, *द फेष्टिभल अफ नेपाल,* (लण्डन जर्ज आलन युनविन लि., इ.स. १९७७) पृ. ४४ ।

र केही मात्र धातुको प्रयोग हुन्छ । मन्दिर र रथ तथा खट्को स्वरूपमा समानता भए पनि आकारमा भने मन्दिरको तुलनामा सानो हुन्छ ।

मन्दिरमा भएको कला र कलाकारिता रथ तथा खट्मा त्यतिकै स्थान पाएको हुन्छ । रथ तथा खट्मा राखिने खम्बा मन्दिरकै कला कृतिहरु जस्तै हुन्छ । (चित्र नं. १६) त्यस्तै मन्दिरकै जस्तै तोरण राखिएको हुन्छ । उदाहरणको लागि सेतो मत्स्येन्द्रनाथको मन्दिरमा रहेको तोरण र रथमा रहेको तोरण एउटै प्रकारको छ । (चित्र नं. १७) त्यस्तै भक्तपुरको भैरबनाथको मन्दिरको तोरण र भौरवनाथ रथको तोरणहरूमा पनि समानता छ । तर आकारमा भने केही सानो हुन्छ । (चित्र नं. १८) यसबाट समग्रमा रथ तथा खट्को आकारप्रकार एउटै भए पनि यसको उपयोगीतामा मात्र फरक रहेको पाइन्छ । यानि रथ तथा खट् देवदेवीहरूको चलयमान बाहन हो भनेर मन्दिर देवदेवीहरूको बासस्थान हो ।

४.१.१ प्वल (छाना)

प्वल रथ तथा खट् दुबैमा भएको प्रमुख आर्कषक वस्तु हो । यो तल्ले शैलीको रथ तथा खट् हुन्छ । छाना तल्ले शैलीको मन्दिरमा जस्तै घटदो क्रममा एक देखि तिन तल्लासम्म रहेको हुन्छ । यसलाई सुनको मोलमलगाएको हुन्छ । यसको किनारामा स-सानो घण्टीहरू राखेको हुन्छ । जुन मन्दिरमा जस्तै लहरै झुण्डयाएको हुन्छ । कुनै रथ तथा खट्मा छानाको कुनामा सम्बन्धित देवदेवीको आकृति भएको मूर्ति राखेको हुन्छ । यसको किनारमा झल्लर राखेको हुन्छ । जसले घण्टीहरूलाई छोपेको हुन्छ । कुनै मन्दिरमा भने धातुकै झल्लर राखेको हुन्छ । रथ तथा खट्मा माथिबाट पटाकाहरू झुण्ड्याएको हुन्छ । जुन दाताहरूले चढाएको र धातु (चाँदीबाट बनाएको हुन्छ । साथै बस्त्र तथा ओढने पनि राखेको हुन्छ । (चित्र नं. २०) जसलाई नेवारी भाषामा जँनी भनिन्छ ।

### ४.१.२ घःमाः (पाङग्रा)

यो रथको सबभन्दा तल्लो भाग हो । यसमाथि गर्भगृह तथा आशन बनाएर रथलाई मन्दिर शैलीमा निर्माण गरिएको हुन्छ । मन्दिरमा घःमाः नभएर “जग” हुन्छ जसमा ढुङ्गा राखेको हुन्छ ।[७७] भने रथमा जगको रूपमा मजबूत काठबाट बनाएको घःमाः हुन्छ । जुन मन्दिरको जग जस्तै बलियो हुन्छ । रथको आकार अनुसार पाङग्राको आकार पनि दुलो सानो हुन्छ । यसमा हाल बलियो बनाउनका लागि फलामको पेच तथा पाटाहरू पनि प्रयोग गरिएको पाइन्छ । पाङ्ग्रामा भैरबको प्रतीक प्रत्येकमा तीनवटा आँखा कोरिएको हुन्छ । यसमा “प्रधि”, “नाभि”, “नेभि” हुन्छ । (चित्र नं.१९)

---

७७ रोनाल्डो एम. बरनिर, द टेम्पलस अफ नेपाल दोस्रो संसकरण (नयाँ दिल्लीः एस. चन्द एण्ड कम्पनि लि. १९७८) पृ. ८ ।

### ४.१.३ आँसिँ

यो एक प्रकारको काठ हो । जुन दलिन जस्तो हुन्छ । यसको दायाँ बायाँ टुप्पो गोलाकार र बिचमा चारपाते हुन्छ । यो रथको घःमाःहरू अड्याउनको लागि प्रयोग गरिन्छ । रथमा प्रायजसो रथमा दुईवटा आँसिँ हुन्छ । प्रत्येकमा दुईवटा घःमाः राखिन्छ । यसको दायाँ बायाँको गोलाकार भागबाट घःमाःलाई घुसाएर अगाडि पछाडिबाट चुकुल राखिन्छ । जसबाट रथलाई परिक्रमा गराउँदा पाङग्रा निस्कन पाउँदैन । आँसिँ माथि ट्वाकहरू राखेको हुन्छ । ट्वाक कुनै रथमा काठकै हुन्छ भने कुनैमा फलामको हुन्छ ।

### ४.१.४ त्वल (तोरण)

त्वल कला र श्रृगारले युक्त वस्तु हो । यसलाई मन्दिर र रथ तथा खट्को मूख्य द्वारा माथि राखिन्छ । यस त्वल भएको कला कृतिलाई विभिन्न आख्यानअनुसार निर्माण गरिएको पाइन्छ ।[ठड] रथ तथा खट्मा प्रयोग हुने त्वल प्राय सम्बन्धी मन्दिरमा रहेकै जस्तै प्रयोग भएको पाइन्छ । यसलाई रथ तथा खट्मा कुनैमा एउटा कुनै चारैतिर राखिएको पाइन्छ । उदाहरणको लागि सेतो मत्स्येन्द्रनाथमा एउटा मात्र छ भने भैरबनाथको रथमा चारै दिशामा चारवटा राखिएको छ । यी दुवै त्वल सम्बन्धित मन्दिरकै जस्तै यसमा सम्वन्धित देवदेवीहरुको मूर्ति मध्य भागमा राखिएको हुन्छ भने माथि नाग, क्षेत्रपाल र दायाँ बायाँ पानीको प्रतिक मकर हुन्छ ।

---

७८ हेमराज शाक्य, *नेपाल संस्कृतिया मूलुखा* (ललितपुरः चन्द्रमक्ष्मि देवी ने.सं. १०८९) पृ. २३ ।

### ४.१.५ गजू (गजूर)

यो मन्दिर र रथ तथा खट्को सबभन्दा माथिल्लो भाग हो । यसलाई नेवारी संस्कृतिमा "सुवर्ण कलश ध्वजा" पनि भनिन्छ ।[ठढ] गजू रथ तथा खट्सँग र मन्दिरको जस्तै हुन्छ । आकारमा मात्र ठुला र साना हुन्छ । गजूमा घण्टा राखेको हुन्छ, यसमाथि पदमको आशन हुन्छ र यसमाथि कलश राखेको हुन्छ । कलशमाथि सिङ्गो नरिवल आकारको जस्तो डल्लो राखेको हुन्छ ।[डण] जुनमाथि तिर चुच्चो हुन्छ । गजूलाई सुनको मोलम लगाएको हुन्छ । कुनै गजूको दायाँ बायाँ दुईवटा धातुको पाटा त्रिकोणकारमा राखेको हुन्छ । जुन कलात्मक हुन्छ । यसलाई "च्वलाम्वः" भनिन्छ । रथको गजूमा धातुकै छत्र राखेको हुन्छ । खट्लाई परिक्रमा गर्ने बेलामा पछाडिबाट ठुलो कपडाको छत्र ओडाउने प्रचलनमा रहेको पाइन्छ ।

### ४.१.६ बेताःसिँ. (कर्कोट नागको प्रतिक)

कर्कोट नागराजको प्रतिक रथमा लामो काठ राखिएको हुन्छ । यस काठको अगाडिको भाग घुमेको हुन्छ । (चित्र नं. २१) जहाँ भैरब आकृति भएको मुकुट तथा चित्र कुँदिएको हुन्छ । (चित्र नं. २२) यस काठको दायाँ बायाँ "धमाका" राखेको हुन्छ । घःमाःका "बेत सिं" भन्दा छोटो हुन्छ । रथमा नागको प्रतिक डोरि राखेको हुन्छ । जसको सहायताबाट रथलाई परिक्रमा गराइन्छ ।

---

७९ ऐजन पृ. ३१ ।
८० ऐजन पृ. ३२ ।

४.१.७ न्वः(नोल)

रथलाई तानेर परिक्रमा गराइन्छ भने खट्लाई मान्छेले काँधमा राखेर परिक्रमा गराइन्छ । यसरी बोक्नको लागि नोलको प्रयोग गरिन्छ । जुन खट्को दायाँ बायाँ फलाम सिक्री तथा डोरीले बाँधेको हुन्छ । यसलाई बाँस तथा काठबाट गोलाकारमा बनाएको हुन्छ ।

४.२ भैरबनाथ रथको स्थापत्यकला

भक्तपुरमा खट् जात्रा अलावा रथ जात्रा पनि हुन्छ । जसमा प्रमुख रथ जात्रा विस्केट जात्रामा भैरव नाथको रथ यात्रा हो । यस रथ यात्रा प्रत्येक वर्ष विक्रम सम्बत अन्त्य हुन चार दिन अगाडिदेखि नयाँ वर्ष सुरू भएको चार दिनसम्म अर्थात् एकहप्तासम्म मनाइन्छ । यस रथलाई रथ जात्रा शुरू हुनबाट करिब एक महिना अगाडिदेखि टोमडी टोलमा बनाउने कार्य शुरू हुन्छ । यस रथ बनाउनको लागि आर्थिक रूपमा सरकारको तर्फबाट गुठि संस्थान र बनाउने कार्य नासमना टोलस्थित सिकःमी (शिल्पकार)हरूले गर्दछ । यस रथमा काठ तथा धातुको प्रयोग गरिएको हुन्छ । रथ तीन तल्ले छाने शैली बनाएको हुन्छ । यस रथको उचाई करिब २५ फिटको हुन्छ ।

भैरवनाथको रथलाई वैदिक ऋचाहरूमा उल्लेख भएअनुसार बनाएको देखिन्छ । यस रथको घःमाः, प्रधि, चक्र, अणि जस्ता अंगहरूको प्रयोग गरिएको छ । यस रथको प्रचलन नेस. ६७० मा थालनी भएको उल्लेख पाइन्छ । यस रथलाई राजा भुपतीन्द्रमल्लले हालको आकारमा बनाउने प्रथा कायम गरेको उल्लेख पाइन्छ ।[८१]

राजा विश्वमल्ले पशुपतिको श्लेष्मान्तक बनबाट काठ झिकेर बनाएको भैरवनाथको रथलाई आज विभिन्न स्थानबाट रथको विभिन्न भागको लागि काठ ल्याउने प्रचलन रहेको पाइन्छ । विशेष गरी रथ बनाउनको लागि “ग्वेछा सि” चिलाउने खट्को काठ प्रयोग गरिन्छ । जुन कडा किसिमको काठ हो ।[८२] यस जातको काठबाट “बेटसिँ” अग्रभावको घुमेको काठ, “असि” पाङग्रा अड्याउने काठ, “घःमाःका” बेतासिँको दायाँ बायाँ दुइवटा काठ “लकाँ आँसिं” गर्भगृहमा ओछ्याएको हुन्छ र यसमा दलिनहरु साथै चुकुल पनि यसै काठबाट बनाउने गर्छ ।

---

८१ मुनाकर्मी, पूर्ववत् पाद.टि. नं. ५४, पृ. १५ ।

८२ निल्स, गुचु नेवार टाउन्स एण्ड विल्डिङ्ग (जर्मनः भि.जि.एच. इ.सं. १९८७), पृ.२९ ।

### ४.२.१ भैरबनाथ रथका मुख्य अङ्गहरू

भैरवनाथको रथलाई मन्दिर आकारको तल्ले शैलीमा निर्माण गरिएको छ । जसमा तीन तल्लाको छाना छ । यस रथलाई ७ फिट व्यास भएको चार वटा घःमाः माथि बनाएको छ । रथको अगाडि कर्कोट नाग प्रतिक वेटालको मूर्ति भएको ३८ फिट लम्बाई भएको "बेतासिँ" राखेको छ । यस रथ बनाउनको लागि प्रायः जसो चिलाउने जात काठ प्रयोग गरिन्छ । यसका साथै सालको काठ पनि प्रयोग गरिन्छ । रथ बनाउनको लागि काठ चितवनको जंगलका साथै "बेटासिं" बनाउनको लागि भक्तपुरकै सूर्य विनायक जंगलबाट काठ ल्याउने प्रचलन रहेको पाइन्छ । यस रथका मुख्य अङ्गहरु निम्न अनुसार छन् ।

४.२.१.१ बेतासिंः

यो रथको अग्र भाग राख्ने लामो काठ हो । यसमा बेताललाई उभिएको आशनमा राखेर बेतले बाँधिन्छ । यो काठको लम्बाई ३८ फिट र मोटाई ५ फिटको हुन्छ । यो रथको सबभन्दा लामो काठ हो । यसलाई अगाडिदेखि पछाडिसम्म रहेको हुन्छ । यसको अगाडि घुमेको भागमा दायाँ बायाँ मकरको आकृति कुँदिएको छ । र माथिल्लो भागमा बेतालको मूर्तिलाई बाँधेर राखेको हुन्छ । यसमाथि चारकुनामा चारवटा डण्डी राखेर माथि कपडाको “ईल” राखेको हुन्छ । यस काठको भागमा “जँ घङ्गाल” (एक घण्टिहरूको झुप्पा) राखेकोहुन्छ । घुमेको भागमा र मकरमा पहेलो रङ्ग लगाएको हुन्छ ।

“बेतासिं” बनाउनको लागि काठ भक्तपुरको सूर्य बिनायक जंगलबाट ल्याउने गरिन्छ । यस काठ ल्याउनको लागि सिकःमीको नेतृत्वमा सूर्य विनायक जंगलमा जान्छ । यस काठको लागि सिधा भएको रूखको बली आवश्यक पर्छ । यसको घुमेको भाग सबै रूखको जरा हो । घुमेको काठ जोड्न हुँदैन् भन्ने मान्यता रहेको भएको पाइन्छ । यस रूखलाई ढाल्नका लागि सर्वप्रथम रूखलाई पूजा गरिन्छ । सो रुख ढाल्नको लागि ८ फिट गहिरो १६ फिटसम्म वरिपरि जग खनेर यस काठ निकालीन्छ ।[ङघ]

४.२.१.२ घःमाः

भैरवनाथको रथमा जम्मा चारवटा पाङ्गा हुन्छ । यो बनाउनको लागि पनि चिलाउने (ग्वय्छाः सिँ) काठ नै प्रयोग गरिन्छ । यसको व्यास ७ फिट, मोटाइ १० इन्च ८ चुकुलको प्वाल १० इन्चको हुन्छ । हाल पाङ्ग्रा बलियो बनाउनको लागि बिच-बिचमा फलामको पाट र पेच कस्ने गरिन्छ । यसमा तीनवटा आँखा प्रत्येक पाङग्रामा कुँदिएको हुन्छ । यस रथको पाङ्ग्रामा १६ वटा चुकुल (बिलम्पु) हुन्छ । प्रयेक पाङग्रामा चार चारवटा चुकुल राखेको हुन्छ । प्रत्येक नयाँ पाङग्रा बनाइसकेपछि पाङग्रामा कालो बोकालाई बलि दिएर विशेष गर्ने परम्परा छ ।[ङद्ध]

---

८३ सिःकमी नायः कृष्णकुमार शिल्पकारसँग कुराकानीको आधारमा ।
८४ ऐजन ।

४.२.१.३ घःमाःका

यस काठ “बेटासिं” को दायाँ बायाँ राखिन्छ । चिलाउने काठबाट यसलाई बनाइन्छ । यसको लम्बाई १६ फिटको हुन्छ । यसमा कुनै पनि रङ्ग तथा बुट्टाहरू कुँदिएको हुँदैन ।

४.२.१.४ आँसि

रथको चारवटा पाङ्ग्रा राख्नको लागि प्रयोग गरिने काठ हो । यस रथमा अर्सि २ वटा हुन्छ । असिं अगाडी र पछाडी दुईवटा हुन्छ । प्रत्येक काठमा दायाँ बायाँ दुई दुई वटा पाङ्ग्रा राखिन्छ । प्रत्येक पाङ्ग्रामा ४ वटा चुकुल राखेको हुन्छ ।

४.२.१.५ ट्वाक (काठको मुदा)

यस रथमा अर्सि माथि ८ वटा ४ फिट लम्बाई भएको काठको खम्बाहरू राखिएको हुन्छ । ट्वाक बनाउनको लागि चिलाउने काठको प्रयोग गरिन्छ । ट्वाकहरमाथि दलिनहर राखेको हुन्छ । यस माथि रथको गभगृह हुन्छ । जहाँ रथ यात्राको समयमा भैरवको मूर्ति राखिन्छ ।

४.२.१.६ लकाँ सिं

रथमा गभगृह हुने स्थानको बाहिरी भागको किनारामा चारैतिर “लकां सिं” को प्रयोग गरिन्छ । यसको बिच भागमा दलिनहरूलाई मिलाएर राखिन्छ । यसको मध्य भागमा चारवटा खम्बाहरू ठड्याएर राखेको हुन्छ । जसलाई “लकाँ सिं” भनिन्छ । यी खम्बाहरू गजूरसम्म पुग्छ ।

४.२.१.७ झ्याः

भैरवनाथको रथमा चारैतिर गरि १२ वटा झ्यालहरू राखिन्छ । वास्तवमा यि झ्याल नभएर ढोकाको रूपमा प्रयोग गरिन्छ । यो बनाउनको लागि साल र चिलाउने काठको प्रयोग गरिन्छ । यसको उचाई ३.५ फिट हुन्छ । रथको अग्र भागको तीनवटा झ्यालहरूमा

पहेलो रङ्ग लगाएको हुन्छ। झ्यालका खम्बाहरूमा विभिन्न बुट्टाहरू कुँदिएको छ। जसमा चो पल, खिचा वां मे मिखा, कलश हुन्छ। रथको चारैतिर मध्य भागमा तोरण राखिएको हुन्छ।

४.२.१.८ त्वल

रथको चारैतिर मध्य भागको झ्याल माथि तोरण राखिएको छ। यस तोरण र भैरवनाथ मन्दिरको तोरणसँग समानता छ। यसमा मध्य भागमा भैरब र दाँया बाँया गणेश र कुमार मूर्ति छ। यस माथि मानव आकारको दुईवटा भाग र बीचमा गरूड छ। गरूडमाथि छत्र राखेको छ। यसको तल्लो भागमा पतिको प्रतिक दाँया बाँया मकर हुन्छ।

४.२.१.९ प्वल

यस रथमा तीन वता छाना छ। छानाहरूमा सुनको मोलम लगाएको छ। छाना तल्ले शैलीको मन्दिर जस्तै तलबाट माथि सानो छ। पहिलो तल्लाको छाना र फिट लम्बाई दोस्रो तल्लामा ६ फिट र तेस्रो तल्लामा ४ फिटको छ यस रथमा छानालाई "बिमान" ले च्याप्ने र तारले बाँध्ने गरिन्छ। पहिलो र दोस्रो छानालाई विमानले च्याप्ने र तेस्रोलाई तारले बाँधिन्छ। छाना अड्याउनको लागि कुनामा ४ वटा कुर्सि (कुशल)को प्रयोग गरिन्छ। यो पहिलो र दोस्रो तल्लामा मात्र हुन्छ भने तेस्रो प्वलमा विमानमा नै अड्काउँछ। जसलाई तारले बाधेको हुन्छ।

४.२.१.१० विमान

यस रथमा दुईवटा विमान छ। पहिलो विमान पहिलो तल्लाको छानामाथि अर्थात् पहिलो तल्लाको छानालाई च्यापेको हुन्छ। विमानमा झ्यालहरूको बुट्टा कुँदिएको हुन्छ र मध्य भागमा चारैतिर झ्यालका "छ्ःपा झ्या" राखेको छ। यस विमानले रथको दोस्रो तल्लाको छाना च्यापेको हुन्छ र पहिलो तल्लाको छाना यसमाथि राखेर तारले बाँधेको हुन्छ।

४.२.१.११ गजू

रथको माथिल्लो भाग छत्रसहितको गजूर राखेको हुन्छ। गजूर सुनको मोलम लगाएको छ। यसमा घण्ट, आमलक, कलशको आकृति बनाएको छ। गजूरको मीथबाट

दायाँ बायाँ, कलात्मक दुईवटा पाटा राखेको हुन्छ । जसलाई "च्वलाम्व" भनिन्छ । गजूरलाई रथमा तारले बाँधेको हुन्छ ।

## ४.३ भैरवनाथ रथको निर्माण शैली

यस रथ बनाउनका लागि २० देखि ३० जनासम्म सिकर्मीहरूको आवश्यक पर्छ । सर्वप्रथम पहिलेको वर्षहरूमा बिग्रका रथका भागहरूलाई मर्मत गर्ने तथा नयाँ बनाउनुपर्ने भए नयाँ बनाउने गर्छ । तोमढी टोलको "अइसामारी डबली" अगाडि रथ बनाउने कार्य शुरू गर्छ । चारवटा पाङ्ग्रालाई अर्सिमा जोडिन्छ र मध्य भागमा बेटासिं "बेटासिं"लाई राखिन्छ । यसको दायाँ बायाँ धमाका राखिन्छ । यी काठहरूलाई एकअर्कामा जोडनको लागि "चुकुल" बनाएको हुन्छ । यसमाथि र तारले बाँधिन्छ । यसमाथि चारकुनामा "लकां सिं" राखेर चारैतिर दलिनहरूलाई लहरै राखेको हुन्छ । दलिन माथि मध्य भागमा काठको खम्बा ठड्याएको हुन्छ । "लकां सि"को करिब १ फिट भित्रबाट चारैतिर झ्यालहरू राखेको हुन्छ । मध्य भागको झ्यालमाथि चारै तिर तोरण राखेको छ । झ्यालहरू माथि "निनाः" राखेर छानालाई अड्याएको हुन्छ भने यसको चार कुनामा चारवटा "कुर्सि" राखिन्छ । छानालाई विशेष प्रकारको चुकुल जस्तो (खास) बनाएर छानालाई जोडेको हुन्छ । पहिलो तल्लाको छानामाथि "घङ्गला" (चन्द्र आकारको घण्टीहरू) राखेको छ ।

त्यस्तै पहिलो छानामाथि विमानलाई राखेको हुन्छ । यसमाथि दोस्रो छाना राखेको छ । यस छानालाई अड्याउनका लागि पनि चार कुनामा चारवटा "कुसिं" र दोस्रो "विमान"ले च्यापेको हुन्छ । दोस्रो विमानमाथि तेस्रो छाना र गजूलाई तारले बाँधेको हुन्छ ।

रथको तयार गरिसकेपछि रथलाई श्रृंगार गर्ने गरिन्छ । यस क्रममा प्रत्येक छानामा स-सानो घण्टीहरुलाई झुण्डयाइन्छ र यसलाई छोपिने गरी रातो कपडाको झल्लर राखेको हुन्छ ।

रथको निर्माण कार्य सकेपछि पूजा गर्ने र भोज खाने प्रचलन रहेको पाइन्छ । जस्तै नयाँ पाङ्ग्रा बनाउने बेलामा बलि दिएर पूजा गरि भोज खाइन्छ । यस्तै "बेतासिं" बनाउने

बेलामा पनि बलि पूजा गरिन्छ । रथ बनाउने क्रम भक्तपुरको सम्पूर्ण अष्ट मातृकार भैरव पूजा गरि भोज खाने परम्परा रहेको छ ।[८५] (चित्र नं. २३)

### ४.४ भक्तपुरमा प्रदर्शन गरिने खट्को स्थापत्यकला

जात्रापर्वहरूमा देवदेवीहरूको चल मूर्तिलाई राखेर परिक्रमा गर्ने खट्हरू विभिन्न शैलीमा निर्माण गरिएको पाइन्छ । भक्तपुरमा प्रमुखरूपमा शाक्त देवीहरूको खट्हरू पाइन्छ । यसबाहेक भैरव, कृष्ण र बुद्धको पनि खट्हरू बनाएर परिक्रमा गर्ने प्रचलन छ । जात्रा पर्वहरू निम्न प्रकारका खट्हरूको परिक्रमा गर्ने प्रचलन रहेको पाइन्छ । एक तल्ले छाना भएको, दुई तल्ले छाना भएको, तीन तल्ले छाना भएको, मार खट्, विमान खट्

माथिका खट्हरू मध्ये दुई तल्ले छाना भएको खट्हरू बढि मात्रामा प्रचलन रहेको पाइन्छ । यस प्रकारका खट्हरू सबै अष्ट मातृका र शाक्त देवीका खट् हुन् ।

### ४.४.१ एक तल्ले छाना भएको खट्

यसप्रकार खट् भक्तपुर तथा पूर्व क्षेत्रको प्रसिद्ध तान्त्रिका देवी नवदुर्गाको:“सिफो द्यौ” को खट् हो । यस खट्मा एक तल्ला मात्र छाना छ । यो खट् धातुबाट बनाएको खट् हो । यसमा चार कुनामा चारवटा खम्बा छ यसमाथि छाना राखिएको छ ।

छानामाथि गजूर राखिएको छ । यस खट्को खम्बाहरू “पुष्प” को बुट्टा कुँदिएको छ । छानामा धातुकै झल्लर राखेको छ । खट्को मध्य भागमा पद्म यन्त्र राखिएको छ । जव धातुबाट बनेको छ । यस खट्लाई सुनको मोलम लगाएको छ । (चित्र फलक नं.११)

### ४.४.२ दुई तल्ले छाना भएको खट्

यस प्रकारको खट् भक्तपुरमा धेरै देवदेवीहरू रहेको पाइन्छ । यस खट् दुई तल्ला छाना हुन्छ । पहिलो तल्ला छाना ठूलो र दोस्रो तल्लाको छाना सानो हुन्छ । जुन मन्दिरशैलीमा बनाएको हुन्छ । यस प्रकारको खट् चार कुने, चारपाटे आकारमा बनाएको हुन्छ । चार कुना चारवटा खम्बालाई ठड्याएको हुन्छ । चार कुनामा चारवटा कलात्मक खम्बा राखिएको छ । यसको मध्य भागमा काठको फल्याक राखेर गर्भगृह बनाएको छ । यस

---

८५ सि:कमी नाय: कृष्णकुमार शिल्पकारसँग कुराकानी र प्रत्यक्ष अवलोकन ।

खट्को तीनतिर खुल्ला हुन्छ । जुन भ्यालको आकारमा छ र पछाडि भागमा बन्द गरिएको छ । यस खट्को पहिलो तल्ला छाना मुनि रहेको फल्याक विभिन्न बुट्टाहरू कुँदिएको छ । जसको मध्य भागमा चारैतिर एउटा एउटा “छ पा झया” राखिएको छ । कुनै खट्मा दोस्रो तल्लाको छाना मुनि अर्थात् “विमान” मा अग्रभागको मध्य भागमा “महिषासुर मर्दिनी” को मूर्ति कुँदिएको छ भने दायाँ बायाँ गणेश र कुमारको मूर्ति कुँदिएको छ । यस प्रकारले मूर्ति कुदिएको अष्टमात्रिकाका खट् मध्ये बराहीको खट् हो । प्राय जसो अन्य खट्हरुमा छानामा सुनौलो मोलमलगाएको हुन्छ र छानाको कुना कुनामा सम्बन्धित देवदेवीको मुकुट राखिएको छ । यस खम्बा विभिन्न बुट्टाहरू नै हुन । यसमा हुने बुट्टाहरूमा चौ,पल, खिचा वा मे मिखा, कलश हुन ।[डट] यस खट्को तीनतिर खुल्ला र पछाडि तिर बन्द हुन्छ । यस प्रकारको खट् परिक्रमा गर्नको लागि १२ देखि १८ जनासम्म जनशक्तिको आवश्यक पर्छ । भक्तपुरका यसप्रकार खट्हरूमा सम्पूर्ण अष्टमातृका खट्हरू, चण्डेश्वरीको खट्, छुमा गणेशको खट्, भिमसेनको खट्हरू हुन् । (चित्र फलक नं. २४)

४.४.३ तीन तल्ला छाना भएको खट्

भक्तपुरमा एउटा मात्र तीन तल्ला भएको खट् छ जुन भैरवनाथको खट् हो ।[डठ] यस खट् नया बनाएको हो । जसमा कुनै पनि कलाकारिता छन । यो भन्दा पुरानो खट् भने कलाकारिता पाइन्छ । यस खट्लाई प्रचलनमा ल्याएको छैन । यस खट् तीन तला छाना छ । पहिलो, दोस्रो तल्लाको विमानमा चारैतिर एउटा एउट “छपा झ्पा” राखेको छ । यो खट् चारवटा खम्बा र तीनतिर खुल्ला छ । यस खट् चारपाटे आकारमा बनाएको छ । यस खट् परिक्रमा गर्नको लागि ८ जना जनशक्तिको आवश्यक पर्छ । (चित्र फलक नं.२५)

४.४.४ मार खट्

यस प्रकारको खट् चण्डी भगवतीको खट् हो । यस खट् आकार कुखि जस्तो देखिन्छ र छाना हुँदैन । काठबाट बनेको यस खट्मा कलाकारिता छैन । काठको फल्याकमाथि चारैतिरबाट लगाएको छ र पछाडिको भाग अरू तीन तिरभन्दा बढि उठेको हुन्छ । यस खट्लाई परिक्रमा गर्नको लागि चराजना व्यक्तिको आवश्यक पर्छ ।

---

८६ शान्ताराम बाल चन्द्र देव, *गिल्मपस् अफ नेपाल वुड वर्क,* कलकत्ता श्रमिती स्मृति टगोर, इ.सं १९६८-६९) पृ. x ।

८७ भैल नाय रामबहादुर भैलका अनुसार ।

### ४.४.५ विमान खट्

भक्तपुरमा यस खट्को परिक्रमा गर्ने बाराहीको मूर्ति राखि परिक्रमा गर्ने प्रचलन छ । यस खट्मा छाना हुँदैन । यस खट्मा गर्भगृह भन्दा माीथ चारैतिर काठको फल्याकले बार लगाएको हुन्छ । यस बारमा विभिन्न कुट्टाहरू कुँदिएको छ । यस खट्लाई परिक्रमा गर्नको लागि चारजना व्यक्तिहरूको आवश्यक पर्छ । (चित्र फलन नं. २६)

## ४.५ भक्तपुरमा प्रर्दशन गरि खट्को निर्माण शैली

भक्तपुरको सम्पूर्ण अष्टमातृकाहरूको महाकाली र महालक्ष्मीको स्वरूप र आकार प्रकारमा सम्मान रहेको पाइन्छ । यी दुवै खट् बोक्नको लागि करिब १६,१८ जना जनशक्तिको आवश्यक पर्छ । देविहरूलाई जात्रा गर्नु अगाडि स्थानिय बासिन्दा र भजन समुहहरू मिलेर खट्मा छाना, गजू तथा श्रृंगार गरिन्छ । श्रृगारको लागि खट्मा गजूरमा बस्त्र तथा ओदनेलाई बांधिन्छ ।

यसरी बांधेको ओदेनेलाई टुप्पोबाट माथिल्लो छानाको चारैतिर तल खसालेको हुन्छ । त्यस्तै गजूबाट नै पटाकाहरू पनि राखिन्छ । छानामा स-साना घण्टिहरूलाई झुण्डाएको हुन्छ । यी घण्टिहरूलाई छोपिने गरि रातो कपडाको झल्लर चारैतिर दुवै छाना राखिएको हुन्छ । गर्भ गृहको तिनतिर खुल्ला र पछाडितिर मूर्तिलाई बाध्नको लागि बन्द गरिएको हुन्छ । गर्भ गृहमा मूर्ति राख्नु अगाडि कपडाको आशनमा राखिन्छ ।

भक्तपुरको सबै जसो अष्टमातृकाको खट्लाई जात्रा सकेपछि देवगृह नजिकैको पाटि तथा देवगृहको तल्लो तल्ला (भुई तल्लामा) राखिन्छ । जात्राको समयमा खट्लाई सो स्थानबाट बाहिर ल्याइन्छ । यसको सरसफाई गरिन्छ । खट्लाई खट्को स्वरूप दिनको लागि खट् छाना हालिन्छ । यस प्रकारको खट्मा छाना चारतिरबाट एक एक पाटलाई जोडिन्छ । कुनै कुनै खट्मा पहिल्लो तल्ला छाना राख्नको लागि छानाको माथिल्लो भाग पाटा जस्तो निकालेको हुन्छ त्यसलाई २खट्को प्वालबाट छिराएर खट्को छानाहरू अड्काइन्छ । पहिलो तल्ला छाना राखि सकेपछि त्यस माथि बिमानलाई राखिन्छ । विमान कलात्मक चारै तिर बुट्टा भएको काठको बस्तु हो । यसरी विमानलाई पहिलो छानालाई च्याप्ने गरि राखि सकेपछि यस माथि अर्को छानालाई राखिन्छ । यस छानामा पनि चारैतिरको एक एक टुक्रा राखिन्छ । यी चारवटै छानाका पाटाहरूलाई तारले बाँधेर यस माथि गजूरलाई राखिन्छ ।

खट् बोक्नको लागि खट्को गर्भगृह भएको ठाउँको चारवटा खम्बाको दायाँ बायाँ दुई वटा 'नोल' लाई बाँधेको हुन्छ । यसरी जात्रा गर्नको लागि खट् तयार गरिन्छ ।

खट्हरूलाई कलात्मकरूपमा निमार्ण गरिएको हुन्छ । खट्का प्रत्येक अंगहरूमा कलाकारिताले भरिएको हुन्छ । यसका प्रमुख आर्कषण खट्को चारकुनामा रहेको खम्बाहरू हुन । यसमा विभिन्न किसिमका बुट्टाहरू कुँदिएको हुन्छ । त्यस्तै खम्बासंगैको  मुख्य द्वार तथा झ्यालमा पनि विभिन्न कलात्मक बुट्टाहरू कुँदिएको हुन्छ । झ्यालमा 'आमश' पुष्प, पले, सिन स्वाँ (पात) मे मिखाँ, खिचाँ, वाँ हुन्छ । यसको दुई खम्बाहरूमा जोडिने चारैतिर काठको फल्याक राखेको हुन्छ । यसमा कुनैमा चन्द्र, सूर्य, पुष्प, आमश हुन्छ । यसको माथि चारैतिर दलिन राखेको हुन्छ ।  यसरी राखेको दलिन मुनि काठको फल्याक हुन्छ । यसमा विभिन्न बुट्टाको  साथै चारैतिर मध्य भागमा एउटा एउटा "छ पा झ्याल" राखेको हुन्छ ।

खट्को मध्य भागमा रथमा जस्तै चारवटा काठको खम्बा गर्भगृहबाट गजूर सम्म नै ठड्याएको हुन्छ । भने कुनैमा यसरी काठ राखेको हुदैंन । यस प्रकारको खट्मा गर्भगृह बाकस जस्तै खुल्ला हुन्छ उदाहरणको लागि विचमा काठ भएको भक्तपुर चण्डेश्वरीको खट् नभएको अष्टमातृका खट्हरू हुन् । भक्तपुरको खट्हरूमा तोरण राखिएको पाइदैन् ।

### ४.६ काठमाडौंमा प्रचलन रहेको देवदेवीको खट्

भक्तपुरमाभन्दा काठमाडौंमा फरक शैली खट् बनाउने परम्परा रहेको पाइन्छ । यसमा छाना राख्ने तरिका फरक छ । यहाँको खट्मा तीनमात्रा छाना हुन्छ, पछाडि भागमा पट चित्र राखेको हुन्छ । यस प्रकार पट चित्र राख्ने प्रचलन भक्तपुरको खट् हुन्दैन । यहाँको खट् छाना भरि नै फुलमाला राखेको हुन्छ । जस्तै भोगते, सुन्तला, मूला आदिको माला राख्ने प्रचलन छ । तर भक्तपुरको खट्मा यस प्रकारको माला राखेको हुँदैन । विशेषत काठमाडौंको अजिमाहरुको खट्मा यस प्रकारको माला राख्ने परम्परा रहेको पाइन्छ । (चि.फ.नं. ३५-३६)

## ४.७ साँ याँ खट्

भक्तपुरमा यात्रा गरिने अर्को प्रमुख पर्वहरूमा साँ याँ हो । यस अवसरमा विभिन्न किसिमका खट्हरूको परिक्रमा गरिन्छ । यस अवसरमा परिक्रमा गर्ने खट्हरूमा भैरब खट्, ताहाँ साँ साढे हुन् । यी खट्हरूको शैली, आकार, स्वरूप फरक फरक भएता पनि खट्हरूमा निम्न बस्तुहरू अनिवार्य राख्नु पर्छ । परालबाट बनाएको दुईवटा सिङ्ग (चित्र नं. २८), गाईको आकृती भएको छापा, कमलको पात, चम्बर, छत्र, दिवंगत व्यक्तिको तस्बिर, झण्डा । यी बस्तुहरू मध्ये भैरबको खट्मा छत्र र तस्बिर राखिएको हुदैंन ।

### ४.७.१ भैलःखः (भैलद्यौः)

यस खट्लाई भक्तपुरको वडा नं. १२ स्थित लाकुलाछैं छोलमा बनाइन्छ । यस खट्लाई स्थानिय भजन समुहको सक्रियतामा बनाइन्छ । यस खट्लाई परालले ढाकेको हुन्छ । जुन एक पराल बराबर सो वर्ष दिवंगत भएको व्यक्तिको गाईको प्रतिक मानिन्छ ।[८८] यस खट्संगै यस टोलमा मृत्यु भएको घरबाट पनि ताहाँ साँ खट्को परिक्रमा गराइन्छ । खट् बनाउनको लागि आवश्यक निर्माण सामाग्री भजन समुहले जुटाउने गर्दछ ।

यस खट् बनाउनको लागि करिब १० हात को ४ वटा बास र -४ हातको चारवटा बाँस आवश्यक पर्छ । सर्वप्रथम चारवटा बासलाई चारकुनामा राखिन्छ । यी बासहरूलाई टुप्पोमा चारैवटा बास एकै ठाउँमा मुठा जस्तो बनाएर परालले बाँधिन्छ । जसबाट यस खट्को स्वरूप शिखर शैलीको जस्तो देखिन्छ । तलबाट माथि समान्तर रूपमा सानो हुदैं जान्छ । बासहरूलाई एक अर्कामा नचल्ने गरी डोरी बाँधिन्छ । करिब ३ हात माथि बोक्नका लागि चारैतिर बासलाई बाँधिन्छ । (चित्र नं.२९) यसरी बाँधिसकेपछि खट्लाई सुताएर तलबाट तह तह गरेर परालालाई माला बनाएर चारैबटा बासलाई छोप्नेगरी खट्मा परालले नै बाँधिन्छ । यसरी परालको मालालाई खट्को टुप्पोसम्म पत्र पत्र बनाएर बाँधिन्छ । खट्को टुप्पोमा परालले बनाएको सिङ्गलाई बाँधेर राखिन्छ । यसको तल करिब दुई हातको गाईको छापा लगाई डोरीले बाँधेर राखिन्छ । यस छापामा बस्त्रको रूपमा ओदनेलाई पनि बाँधेर राखिन्छ । खट्लाई ढल्नबाट बचाउन दुई वटा डोरी अगाडि पछाडि तलसम्म राखिन्छ । जसलाई खट् परिक्रकमा गर्ने क्रममा दुई जना व्यक्तिले समातेर हिड्ने गरिन्छ । यस खट्मा

---

८८ स्थानिय बासिन्दा रत्न प्रसाद प्रधानङ्गबाट पाएको जानकारीको आधारमा ।

सिङ्गसंगै दुई वटा झण्डा राखिन्छ । जुनमा चक्र र नेपालको झण्डा हुन् । यसरी भैरब खट् तयार गरिन्छ । यस खट्लाई बोक्नको लागि करिब ८ जना व्यक्तिको आवश्यक पर्छ । तर यस खट्लाई धेरै व्यक्तिहरूले बोक्ने गरिन्छ ।

४.७.२ ताहा साँ

भक्तपुरको साँ याँ गर्ने अर्को प्रमुख आर्कषक खट् ताहा साँ हो । यो खट् जवान तथा वृद्धबृद्धाहरूको मुत्यृ भएको घरबाट निकालिन्छ । यस खट्लाई यात्रा गराउदां बाजागाँजा सहित एक प्रकारको नाच पनि प्रर्दशन गरिन्छ । जसलाइ 'घिताङ्ग घिसि' भनिन्छ । यस नाचमा दुई दुई जना लामबद्ध भएर लठ्ठि जुधाएर नाचिन्छ । यस नाचमा आज भन्दा ५ वर्ष अगाडिसम्म पुरूषहरूले नै महिलाको भेषमा नाचने गर्दथ्यो । आजभोली महिलाहरू पनि यस नाचमा भाग लिएको पाइन्छ । खट्लाई नाच विना नै परिक्रमा गर्ने प्रचलन पनि रहेको पाइन्छ ।

'ताहाँ साँ' खट् बनाउनको लागि ८ हातको चारवटा बास र ४ हात भएको चारवटा बासको आवश्यक पर्दछ । बासलाई चारकुनामा ठड्याएर माथिल्लो भागमा चारवटै बासलाई परालको डोरीले बाँधिन्छ । जसबाट तलबाट माथि समान्तर रूपमा सानो हुन्छ र शिखर शैलीको स्वरूपमा खट् हुन्छ । बोक्नको लागि तलबाट ३ हात माथि चारैतिर चारवटा बासलाई बाँधेर राखिन्छ । यस खट्लाई सुताएर कपडाले मोडिन्छ । मृत्यु भएको व्यक्ति पुरूष भए पुरूषले लगाउने कपडा र महिला भए साडिको प्रयोग गरिन्छ । यसरी कपडाले खट्लाई पुरै मोडिन्छ । खट्को विच भागबाट माथितिर राम्रो देख्नको लागि अर्कै रङ्गको कपडाको प्रयोग गरिन्छ । यसरी कपडाले मोडेपछि खट्लाई श्रृगार गर्ने क्रामा राम, सिताराम लेखेको कपडा पनि बिच भागमा राखिन्छ । खट्मा विभिन्न देवदेवीहरूको तस्बिरका साथै ऐना पनि राखिन्छ । त्यस्तै रूमाल, झल्लर, रङ्गिचङ्गि कागजका मालाहरू पनि राखिन्छ । खट्को माथिल्लो भागमा एउटा ओढ्ने र खट्लाई ढल्नबाट बचाउनको लागि माथिबाट तल्लसम्म पटुका बाँधेको हुन्छ । जुन खट् यात्रा गर्ने बेलामा एकजना अगाडि र एकजना पछाडिबाट समातेर खट्लाई परिक्रमा गरिन्छ । खट्मा कपडा मोड्न र तस्बिर झुण्डाउनको लागि सियो र धागोको प्रयोग गरिन्छ ।

यस खट्मा गाईको रूपमा यात्रा गर्नको लागि आवश्यक बस्तुहरू पनि राखिन्छ । जस्तै खट्को टुप्पोमा परालबाट बनाएको एकजोडि सिङ्ग, गाईको छापा राखेको हुन्छ । गाईको छापलाई बस्त्र तथा ओढ्नेलाई बाधेको हुन्छ । सिङ्ग संगै एकजोडि झण्डा रोखेको हुन्छ । सिङ्गको विचमा कमलको पात र पछाडि चम्बरलाई बांधेर राखिन्छ । यसभन्दा माथि छत्र राखेको हुन्छ । यस खट्लाई परित्रमामा गर्नको लागि ४ जना बोक्न र २ जना पटुका समात्नको लागि जम्मा ६ जनाको आवश्यक हुन्छ । (चित्र फलक नं. ३०)

४.७.३ डोको खट् (डोको चा)

यस खट्लाई विशेष गरि १० वर्ष भन्दा मुनि अर्थात ब्रतबन्ध तथा बेलविवाह नगरेको बच्चाहरूको मृत्यु भएमा यस प्रकारको खट् बनाएर परिक्रमा गर्ने प्रचलन छ । यो खट् साधारण तथा हलुका हुन्छ । यस प्रकारको खट् बनाउनको लागि भारी बोक्ने डोकोको प्रयोग गरिन्छ । डोकोलाई कपडा तथा अन्य श्रृगारका बस्तुलाई सजाएर राखिन्छ ।

यस खट्मा डोकोक तल्लो भागको चारकुनामा चारवटा बेट राखेर माथि चारैवटा वेतलाई परालले बांधिन्छ । यसरी बांधेपछि डोकोलाई कपडाले मोडिन्छ र डोकोको तल्लो केही भागमात्र देखिन्छ । यस खट्मा अन्य गाईको खट् जस्तै परालको सिङ्ग, गाईको छाप, कमलको पात, चम्बर, झण्डा, छत्र राखिएको हुन्छ । गाईको छापामा ओड्नेलाई बांधेको हुन्छ । यस खट्मा पनि दिवंगत भएको व्यक्तिको तस्बिर राखिन्छ । यस खट्लाई परिक्रमा गर्नको लागि खट्लाई टाउकोमा राखेर प्रदक्षिणपथको लागि आधारमा नगर परिक्रमा गराइन्छ । यो खट्को आकारमा नभए पनि खट्नै मान्ने प्रचलन छ । (चित्र फलक नं. ३१)

४.७.४ दोसाँ (माटोको साँढे) खट्

माटोबाट बनाएको साँदे (दो साँ) लाई खट्मा राखेर परिक्रमा गर्ने प्रचलनमा रहेको पाइन्छ । यस खट्लाई चार पाँग्रा भएको गाडा वा चारजनाले काँधमा बोकेर परिक्रमा गराइन्छ । यस खट्मा पनि हअरू खट्मा जस्तै गाई छाप, सिङ्ग, झण्डा, कमलको पात, छत्र, चम्बर राखेको हुन्छ । यस खट्को छत्र भने खट्को पछाडि मान्छेले ओदाउने गरिन्छ । यस खट्को छत्र देवदेवीको छत्र प्रयोग गरिन्छ । यसमा झल्लर राखेको हुन्छ । (चित्र फलक नं. ३२)

यस खट्लाई चारैतिरबाट बास राखेर बिचमा काठको फल्याक राखेको हुन्छ । राम्रो देख्नको लागि दुबोको घाँस बिछ्याएको हुन्छ । यस माथिमाटोबाट बनाएको बसेको आशनमा साँदेलाई राखिन्छ । खट्को पछाडि भाग बन्द र तिनतिर खुल्ला हुन्छ । खट्को दायाँ बाँयाबार लगाएको हुन्छ । यस बारमा रातो कपडाले मोडेर त्यसमा पहेंलो पटाकाले बेरेको हुन्छ । यस खट्मा रङ्गिचङ्गि कागजको मालाले श्रृगार गरेको हुन्छ । खट्को पछाडि भागको माथिल्लो भागमा परालको सिङ्ग, झण्डा, कमलको पातर पछाडि चम्बरलाई बांधेको हुन्छ । यस खट्मा दिवंगत भएको व्यक्तिको तस्बिर राखेको हुन्छ । खट्को अगाडि ब्याण्ड बाजा बजाएर परिक्रमा गराईन्छ । खट् बोक्नको लागि चारजना र छत्र बोक्नको लागि एकजना जम्मा ५ जना व्यक्तिको आवश्यक हुन्छ । (चित्र फलक नं. ३३)

## ४.८ निष्कर्ष

भक्तपुरको जात्रामा प्रयोग हुने अधिकांश रथ तथा खट्हरुको नेवारी भाषामा पनि नामाकरण गरिएको छ । यसको बास्तु पनि नेवारी शैलीमा नै निर्माण गरिएको छ । यस नगरमा मुख्य दुई वटा रथ र अन्य खट्हरु छन् । खट्हरुको निर्माण स्थानिय गुठी तथा दाफा समूहहरुको गर्दन् । त्यसमा पनि शिल्पकारहरुले खट्लाई बनाउने गर्छ भने रथलाई गुठी संस्थानको आर्थिक सहयोगमा भक्तपुरको नासमना तोलका शिल्पकारहरुले बनाउँछ । रथ तथा खट् मन्दिरहरुमा जस्तै विभिन्न श्रृंगारका बस्तुहरुले श्रृंगार गरिन्छ । जसमा बस्त्र, झल्लर, पटाकाहरु राखिएको हुन्छ । अन्य अष्टमातृका तथा देवदेवीहरुको रथ तथा खट् बनाउनको लागि स्थनिय गुठी, भजन समूहहरुको सक्रियतामा बनाइन्छ ।

आजभोली जनसहभागिताको कमीले गर्दा ठूला तथा बोक्न गाह्रो खट्लाई विस्थापित गरेर स-साना साधारण किसिमका खट्हरुलाई प्रचलन ल्याएको पाइन्छ ।

# पाँचौं अध्याय

# उपसंहार

भक्तपुर शहर धार्मिक, सांस्कृतिक तथा जात्रा पर्वको लागि उत्कृष्ट शहर मान्न सकिन्छ । यस शहरका प्रमुख जात्राहरूमा विस्केट जात्रा र गाईजात्रा हो । भक्तपुरमा सबै समप्रदायलाई अतिकै महत्व दिएता पनि जात्राको दृष्टिकोणमा शक्ति तथा तन्त्रको प्रमुख रहेको स्थान छ । यस शहरमा यन्त्र आकारमा स्थापित अष्टमातृका र तान्त्रिक नाच नवदुर्गाको महत्वपूर्ण स्थान रहेको पाइन्छ ।

वैदिककालमा ग्रह तथा देवताहरूको रथहरू, पुराणकालमा राजा महाराजाहरूको वारवहनको साधनको रूपमा विकास भएको अनुमान गर्न सकिन्छ । यस समयमा राजा महाराजहरूले रथलाई सुन तथा आभुषणले श्रृगांर गर्ने परम्पराको थालनी भयो । यस प्रकारको रथलाई तान्नको लागि जीवजन्तुको शक्ति प्रयोग गरिन्थ्यो । त्यस्तै सामान ढुवानीको लागि “गाडा” को प्रयोग गरिन्थ्यो । जसलाई तान्नको लागि “गधा” तथा “बयल” को प्रयोग गरिन्थ्यो । त्यस कालमा जिवजन्तुको शक्तिले तान्ने रथहरू आज इन्धनको शक्तिले तान्नेको रूपमा विकास भएको हो । जसलाई “मोटर” नामले चिनिन्छ ।

भौगोलिक बनावटको आधारमा रथको स्थानमा खट्को पनि विकास भएको पाइन्छ । जुन पहाडि क्षेत्रमा जहाँ रथ ताननको लागि उपयुक्त हुँदैन त्यहाँ खट् यात्राको प्रचलन थियो । यस प्रकारको स्थानमा खट्लाई मानवले काँधमा राखेर परिक्रमा गराइन्छ । देवदेवीहरूका खट् बाहेक मानवहरूको पारवहनको रूपमा खट्को प्रचलन रहेको पाइन्छ । जस्तै दुलही राख्ने “ताम्नानी” बिरामी तथा मान्छे बोक्ने “डोको” हुन् । नेवार संस्कृतिमा खट्को महत्व रहेको पाइन्छ । नेवारहरूको संस्कृतिबाट प्रभावित अधिकांश देवदेवीहरूको खट् जात्रा चलाइन्छ ।

वैदिककालदेखि थालनी भएको रथ यात्रा परम्परा भक्तपुरमा हाल पनि रहेको पाइन्छ । यस शहरमा रथयात्राको परम्परा पूर्व मध्यकालदेखि हालसम्म पनि विद्यमान छ । यस शहरमा प्राचिन लिच्छवीकाल देखिनै सांस्कृतिक रूपमा अति महत्वपूर्ण शहर हो । त्यस कालमा भक्तपुर “खोपुङ्ग ग्राम” को नामबाट प्रसिद्ध थियो । राजा आन्नान्ददेवले स्थापना

गरेको अष्टमातृका लगायत त्रिपुरा सुन्दरीको जात्रा ई.सं. १२ औं शताब्दी देखि भएको पाइन्छ । यस प्रकारले जात्रा गर्नको लागि देवदेवीको चल मूर्तिलाई खटमा राखेर नगरमा परिक्रमा गराइन्थ्यो । जात्रा गरिने प्रमुख देवदेवीहकरुमा गणेश त्रिपुरा सुन्दरी, चण्डेश्वरी, भिमसेन, भैरव, कृष्ण बुद्धको खट् जात्रा पनि भक्तपुरका प्रमुख जात्रा हुन । यी खट् जात्रा कुनै त्वाः जात्राका रूपमा टोलमा मात्र सिमित हुन्छ भने कुनै पूरै शहर प्रदशिक्षणापथको आधारमा परिक्रमा गराइन्छ । खट्लाई परिक्रमा गर्ने बेलामा स्थानीय भजन तथा दाफा समूहहरूले बाजागाजासहित भजन गाएर परिक्रमा गर्ने गरिन्छ ।

भक्तपुरमा लिच्छवीकालमा प्रारम्भ भएको जात्रा पर्वहरुलाई मध्यकालमा आएर विस्तृत भएको पाइन्छ । पहिले खट् जात्रा मात्र हुने यस शहरमा मध्यकालमा आएर रथ जात्राको पनि सुरुवात भयो । जुन भैरवनाथ र भद्रकालीको रथ यात्रा हो । यस काल देखि नै रथ तथा खट् आकर्षक बनाउनको लागि श्रृंगार गर्ने परम्परा पनि थालानी भयो । जस्तै पटाका, घण्टि, पटुका, बस्त्र हुन भने काठको खम्बाहरुमा विभिन्न कलाहरु कुँदिएको हुन्छ । यस प्रकारको परम्परा भक्तपुरका रथ तथा खट्हरुमा हाल सम्म पनि निरन्तर रूपमा प्रयोग हुन्दै आएको छ । रथ तथा खट् जात्रा घर भक्तपुरमा मात्र नभएर काठमाडौं उपत्यकामानै विस्तार भएको छ । राजा नरेन्द्रदेवले पाटन रातो मत्स्येन्द्रको चलाएको रथ यात्रा हालसम्म पनि त्यही तरिकाबाट चलिएको पाइन्छ । त्यस्तै मल्लकालमा नै काठमाडौंमा “येयाँ” को अवसरमा कुमारीको रथ यात्रा तथा पाहाँचःह्रेमा काठमाडौंका अजीमाहरुको खट्हरु हालसम्म विद्यमान रहेको पाइन्छ ।

नेवारहरुको धार्मिक, सांस्कृतिक, सामाजिकलाई अकर्षक बनाउनको लागि जात्रा पर्वहरुमा रथ तथा खट् यात्राले सहयोग गरिएको हुन्छ । रथ तथा खट् यात्रा गर्नको लागि धेरै जनसहभागीताको आवश्यक हुन्छ । यस अवसरमा जात्रा हुने स्थानमा आफन्त तथा स्वजनहरुलाई भोजको निम्ता गरी खुवाउने प्रचलन रहेको छ । जसबाट आफान्तहरुसँग भेटघाट तथा सबै मिलर मनोरञ्जनात्मक लिने गरिन्छ । यसबाट जात्रा पर्वहरु धार्मिक तथा सांस्कृतिक रुपबाट  नभएर सामाजिक रूपमा महत्वपूर्ण छ ।

भक्तपुरमा रथ तथा जात्राहरूमा सक्रियरूपमा स्थानीय टोलहरूस्थित भजन तथा दाफा समूहहरूको प्रमुख भूमिका रहेको हुन्छ । भक्तपुरमा केही खट् जात्राहरू लोपसमेत भएको पाइन्छ । यसको प्रमुख कारण आर्थिक स्रोतका अभाव हो । सम्बन्धित जात्राको लागि

राखिएका कतिपय जग्गाहरू हराउनु र यसबाट आउनुपर्ने आम्दानी नहुनु हो । त्यस्तै सम्बन्धित व्यक्तिहरूको यसप्रति सम्वेदनशिल नहुनु हो र प्रचलनमा रहेको जात्राहरूमा पनि जन सहभागिता कमि आउनुको कारणले गर्दा भएको पुरानो आकर्षण खट्लाई जात्रा नगरी नयाँ साधारण खट्समेत बनाएको पाइन्छ । जसको लागि कम जनसहभागितामा भए पुग्छ ।

जात्रापर्वहरुमा जात्रा गर्ने रथ तथा खट्को शैली तल्ले वा शिखर भएतापनि स्थान अनुसार यसको आकार प्रकार तथा स्वरूपमा फरक रहेको पाइन्छ । भक्तपुरमा प्रचलनमा रहेको तल्ले शैलीको रथ तथा खट्मा चारैतिर छाना हुन्छ, भने काठमाडौंमा खट्को तीनतिर मात्र रहेको पाइन्छ । यस प्रकारको खट्मा पछाडि भागमा सम्वन्धि देवदेवीहरुको पटचित्र राखिएको हुन्छ । त्यस्तै छत्रमा पनि भिन्नता पाइन्छ । भक्तपुरको प्रचलनमा रहेको छत्र ठूलो हुन्छ भने काठमाडौंको सानो हुन्छ ।

यस शोधकार्यको अनुसन्धानक्रममा स्थलगत जात्रापर्वहरु अवलोकनमा स्थनिय व्यक्तिहरुको जात्रामा कम जनसहभागिता देखिन्छ । जसले गर्दा खट्लाई परिक्रम गर्नको लागि बोक्नेहरुको निकै कम रहेको देखिन्छ । जुन काठमाडौं लुतिअजिमाको खट् जात्राक्रममा स्वंयमले ठहिटीमा प्रत्यक्ष देखेको घटना हो । त्यस्तै गुहेस्वरी खट् जात्रामा पनि बोकेर हुनुमानढोका ल्याउनु पर्नेमा यस वर्ष खट्लाई नै गाडीमा राखेर ल्याएको थियो । तर भक्तपुरको जात्रामा भने स्थानिय जनसहभागिता रहेको पाइन्छ । आठ जना व्यक्ति भए पुग्ने खट्लाई पनि आवश्यकता भन्दा बढी व्यक्तिले बोकेको पाइन्छ ।

## ५.१ सुझाव

भक्तपुर धार्मिक सांस्कृतिकको लागि प्रसिद्ध भएको शहर हो । यसमा पनि धार्मिक क्रियाकलापको लागि महत्वपूर्ण स्थान हो । प्राचिनकाल देखि प्रचलनमा रहेका जात्रापर्वहरु हालसम्म पनि विद्यमान छ । तर पनि कुनै लोप हुने अवस्थामा रहेको पाइन्छ । यसलाई निरन्तरता गर्नको लागि स्थानिय युवावर्गलाई सक्रिय बनाउनु अति आवश्यक छ । यसको लागि केही समूहहरुले प्रयास गरिरहेको पाइन्छ । विभिन्न टोलहरुमा भजन तथा बाजा प्रशिक्षण दिने कार्यलाई स्वागत तथा प्रोत्सहन दिन आवश्यक देखिन्छ ।

भक्तपुर जहाँ १०० वर्ष भन्दा अगाडिको जनजिवनलाई प्रत्यक्ष अवलोकन गर्न सकिने स्थान हो । जुन पर्यटकिय दृष्टिकोणले उत्कृष्ट गन्तब्य हो । जसलाई विश्व पर्यटन

बजारमा भएको महत्वपूर्ण स्थान छ । पर्यटकहरुलाई यस स्थानमा भ्रमणमा अभिप्रेरित गर्नको लागि जात्रा पर्वहरुलाई जिवीत राख्नु पर्छ । यसको अकर्षण र महत्वको बारे प्रचार प्रसार गर्नु पर्छ । तसर्थ यसबाट आन्तरिक तथा बाहय पर्यटकलाई भक्तपुर भ्रमण गर्नको लागि थप आकर्षण पुऱ्याउँछ । जसबाट संस्कृतिक संरक्षणको लागि आर्थिक रुपले पनि थप टेवा पुग्ने छ ।

नेपाल नेवार संस्कृतिमा रहेको रथ तथा खट्को स्थापत्यकला बारेमा विस्तृत अनुसन्धानसहित लिपिबद्द हुन आवश्यक देखिन्छ । हाल प्रचलनमा रहेको रथ तथा खट् स्वरूपमा केहि परिर्वतन भएको स्थानिय बुद्धपाकाहरु बताउछन् । त्यसको प्रमुख कारण नै आर्थिक र यस सम्बन्धि ज्ञान कमी हो । त्यस्तै रथ तथा खट्लाई बलियो बनाउनको लागि फ्लाक प्रयोग बढी गरेको पाइन्छ । जसबाट यसमा आउने आकर्षण कमी आएको छ । तसर्थ रथ तथा खट्को आकर्षणको साथै भएको संस्कृतिलाई निरन्तरता दिनको लागि स्थानिय गुठि समूहहरु तथा राज्यले यस सम्बन्धि संरक्षणको लागि आवश्यक तालिम तथा सुविधाहरु दिन आवश्यक छ । साथै यसमा प्रयोग हुने औजार तथा काठहरुमा राज्यको तर्फबाट आवश्यक सुविधा पनि दिनु पर्छ ।

## परिशिष्ट क

## सेतो मत्स्यन्द्रनाथ रथ

यस रथलाई चारवटा पाङ्ग्रामाथि बनाएको हुन्छ । चारवटा पाङ्ग्रामा भैरबको प्रतिक तीनवटा आँखा कोरिएको हुन्छ । नागको प्रतिक लामो काठ अगाडीदेखि पछाडिसम्म राखिएको हुन्छ र अगाडि भैरबको मुकुट प्रतिस्थापित गरिएको हुन्छ । पाङ्ग्रामाथि गर्भगृहलाई घुम्न मिल्ने गरि बार्दली बनाएको हुन्छ । जसको बारको उचाई करिब २ फिटको हुन्छ । गर्भगृहको चार दिशामा ढोका छ । मुख्य तथा अग्रभागको ढोकामाथि तोरण राखिएको छ । यस तोरणमा "सहस्रभुज लोकेश्वर" को मूर्तिलाई प्रतिस्थापित गरिएको छ । जुन मूर्ति सेतो मत्स्येन्द्रनाथ मन्दिरमा रहेको तोरण भएको मूर्ति जस्तै छ । यस रथमा दश दिक्पाल इन्द्र, यमराज, बरुण, कुँबेर, अग्नी, नैऋत्य वायव्य, ब्रह्मा, महादेव र नारायणलाई पनि प्रतिस्थापित गरिएको छ ।[८९]

यस रथको तोरणमा शहर्षभुज लोकेश्वर को दायाँबायाँ छ हात भएको २ वटा तारा र २ वटा मकर राखिएको छ । यसको बाहिर भागमा मानव आकृतिको २ वटा नाग र बिचमा गरूडलाई प्रतिस्थापित गरिएको छ । यस तोरणमा पञ्चबुद्धलाई प्रतिस्थापित गरिएको छ जसको मध्य भागमा बैलोचन, दायाँ अमिताभ र बायाँ रत्नसम्भ छ । यसको माथि ८ हात भएकी तान्त्रिक तारालाई प्रतिस्थापित गरिएको छ । यस तोरणमा ३ वटा छत्र त्यसमाथि गजुर राखिएको छ ।

रथको गर्भगृहको बिचबाट काठ ठड्याएको हुन्छ र चारैतिर बाँसलाई राखेर बेतले बाँधेको हुन्छ । जुन गर्भगृहमाथि समानान्तर रूपले सानो हुँदै गएको हुन्छ । यसमाथि ब्रजसत्वको मुर्ति राखिएको छ । यस मूर्तिमाथि छत्र र गजुर छ । यसबाट दुइवटा पटाका चन्द्र सुर्य प्रतिकरूपमा झुण्ड्याएको छ ।

यस रथलाई जमल नजिकै संस्कृति पाठशालाको छात्रावास अगाडी बनाउने गरिन्छ । यस रथलाई लगनटोलका ज्यापुहरू र केही ठमेलका ज्यापुहरूले बनाउने गरिन्छ । रथ बनाउनको लागि आर्थिक सहयोग गुठि संस्थाले गरिन्छ । रथ बनाउनेहरूले नै रथ बनाउनका लागि आवश्यक सामाग्रीहरू जस्तै काठ, बाँस, बेट, डोरीलगायत अन्य

---

८९ जोन के, लोक, *करुणामय,* (काठमाडौँ:सहयोगी प्रकाशन इ.सं.१९८०) पृ. २२२-२२३

सामाग्रीहरू जुटाउने गर्छ ।[९०] रथको पाङग्रा तथा तल्लो भागलाई कमलादि स्थित गणेश मन्दिरको प्राङ्गणमा राखिन्छ । अन्य महत्वपूर्ण तथा मुल्यवान सामाग्रीहरू गजुर, तोरण, बज्रसत्वको मूर्ति तथा पटाकाहरूलाई सेतो मस्त्येन्द्रनाथ मन्दिरको उत्तरी भागको तल्लो तल्लामा राखिन्छ ।[९१]

---

९० उहि जोन पृ २२३

९१ उहि जेन पृ २२४

## परिशिष्ट-ख

## रातो मत्स्येन्द्रनाथ रथ

पाटनको पुल्चोकस्थित अशोक चैत्यको पश्चिम क्षेत्रमा यस रथलाई बनाउने गरिन्छ । यस रथलाई करिब ६ फिट व्यास भएको चारपाङग्रामाथि गर्भगृह बनाएको हुन्छ ।[९२] गर्भगृहलाई परिक्रमा गर्ने मिल्ने गरी बार्दली बनाएको हुन्छ । बार्दलीको उचाई करिब २ फिटको हुन्छ । यसमाथि करिब ५० फिट लम्वाई भएको काठ र बाँस ठडयाएको हुन्छ । जसलाई बाध्नका लागि बेटको प्रयोग गरिन्छ । यसको स्वरूप शिखरशैलीको हुन्छ । जुन गर्भगृहबाट समानान्तररूपमा सानो हुँदै जान्छ । यसमाथि कमलको प्रतिक तामाको गजुर हुन्छ । जसमा अभिताभ बज्रसत्वको र मूर्तिलाई प्रतिस्थापित गरिएको हुन्छ । यसमाथि बुद्ध छत्र र झण्डा हुन्छ । माथिबाट चन्द्र, सुर्यको प्रतिक दुइवटा पटाका झुण्डयाएको हुन्छ ।[९३]

रातो मस्त्येन्द्रनाथको जात्राको लागि विभिन्न जातिहरू संग्लन्ता भएको पाइन्छ । रथ बनाउने र जात्रा चलाउनका लागि छुट्टाछुट्टै जातिहरू संलग्नता हुन्छ । रथ बनाउनका लागि आवश्यक काठ काटेर ल्याउने कार्य "बोसि" (पतुवार) जातिले गर्दछ । रथलाई बनाउने कार्य "बाराहि" जातिले गर्दछ । त्यस्तै रथ तयार भएपछि रथलाई बेटले बाँध्ने कार्य च्वाँल जातिले गर्दछ । रथको पाङग्रा र नाग आकारको लामो काठमा चित्र कोर्ने कार्य "चित्रकार" जातिले गर्दछ ।[९४]

यस रथको चार पाङग्रामा तीनवटा आँखा कोरिएको छ । जुन चार भैरवको प्रतिक हुन् । हरिसिद्धि भैरब, ह्यग्रिभ भैरब, लुवटासन भैरब र नन्दकुण्ड भैरब हुन् । यी चार भैरबले रातो मस्त्येन्द्रनाथलाई बोक्छ भन्ने विश्वास छ ।[९५] कर्कोट नागराजको प्रतिक अगाडिदेखि पछाडिसम्म लामो काठ राखिएको हुन्छ । र नागकोरूपमा डोरी हुन्छ । जसको सहायताबाट रथ तान्ने गरिन्छ । रथ निम्न जावरहरूको पूर्ति पनि प्रतिस्थापित गरिएको हुन्छ । घोडा सुर्यको प्रतिक, साथै शिवको प्रतिक गरूड विष्णु र हाँस ब्रम्हाको प्रतिक हुन ।[९६]

---

९२ उहि जोन पृ २६५

९३ उहि जोन पृ २६५

९४ प्रकृति अधिकारी (गोखापात्र २०६३ जेष्ठ ६ गते)

९५ पूर्व पाद टि नं. ९९, पृ. २६५

९६ ऐजन, पृ. २६६-२६७

## परिशिष्ट- ग

## मीन नाथको रथ

पाटनको रातो मस्त्येन्द्रनाथको रथ यात्रा सँगै मीन नाथको पनि रथ यात्रा हुन्छ । यस रथमा “चाकुमा द्यौँ” को मूर्तिलाई राखेर पाटन शहरमा परिक्रमा गरिन्छ । यस रथलाई शिखर शैलीमा बनाएको हुन्छ । रथको माथिल्लो भागमा गजुर क्यम्बु नेपालको झण्डा राखेको हुन्छ । माथिबाट चन्द्र सुर्यको प्रतिक दुईवटा पटाका झुण्ड्याएको हुन्छ ।

यस रथलाई अन्य रथहरु जस्तै काठको चारवटा पाङग्रा माथि गर्भगृह बनाएको हुन्छ । यस रथको प्रत्येक पाङग्रा भैरवको प्रतिक तीन तीन बटा आँखा कोरिएको हुन्छ । रथको अग्र भागमा कर्कोट नागको प्रतिक घुमेको काठ हुन्छ । जुन रथको पछाडिसम्म रहेको हुन्छ । यस काठको अग्र भागमा भैरवको आकृति राखेको हुन्छ । यस रथमा अग्र भागमा मात्रा ढोका राखेको हुन्छ र चारैतिर आँखी झ्याँलहरुको जस्तो हुन्छ । यस माथि सुनको मोलम लगाएको धातुको तल्ले शैलीको छाना राखेको छ । जुन रथको चौरतिर छ । यस माथि शिखर शैलीमा बाँस ठड्याएको छ । जसलाई बेटले बाँधेको छ र यसलाई छोपिने गरी धुपि राखेको छ । यस रथलाई तान्नको लागि नागको प्रतिक डोरी राखेको हुन्छ ।

## परिशिष्ट -घ

## कुमारीको रथ

कुमारी रथलाई खट जस्तै नबिगारकिन कुमारी घरसँग राखिन्छ। जात्रा गर्ने समयमा यसलाई श्रृंगार तथा रङ्ग रोगन गर्ने कार्य गर्दछ। यस रथलाई काठमाडौंका अन्तिम मल्ल राजा जय प्रकाश मल्लले बनाउन लगाएको हो। यस रथलाई काठमाडौंको लाय्कुषालका मानन्धरले बनाउने गर्छ। जुन हालसम्म पनि विद्यमान छ।[९७] यस रथलाई धातु तथा काठबाट निर्माण गरेको हुन्छ। भैरबको प्रतिक चारवटा पाङग्राहरूमा तीन तीनवटा आँखा कोरिएको हुन्छ। अगाडीदेखि पछाडिसम्म नागराजको प्रतिक लामो काठ हुन्छ। जसको अगाडि भैरबको आकृति कोरिएको हुन्छ। जसको अगाडि भैरबको आकृति कोरिएको। यस रथलाई चारवटा पाङग्रा माथि बार्दली जस्तो बनाएर बिचमा तीन तल्ले मन्दिर जस्तो बनाएको छ। जसको मध्य भागमा गर्भगृह छ र यसको तीनतिर खुल्ला पछाडिको जहाँ आशन बनाएको भाग बन्दछ। यस रथको पहिलो तल्लामा १२ वटा टुँडाल र ४ वटा कुशल छ भने दोस्रो र पहिलो तल्लामा ८ वटा टुडाँल ४ वटा कुशल छ। सबभन्दा माथि गजुर छ। जसमा आमलक, कलश, घण्टा रहेको छ। यस रथको छाना ८ गजुर सुनौलो मोलम लगाएको छ।

कुमारीको रथ जात्रा भाद्र शुक्ल पुर्णिमा "येयाँ" का दिन तल्ले शैलीको रथमा राखेर काठमाडौंमा परिक्रमा गराइन्छ। यस रथ यात्रामा भैरव र गणेशको रथ कुमारी रथसँगै परिक्रमा गराइन्छ। यस रथ यात्रालाई पहिलो दिन माथिल्लो क्षेत्र र दोस्रो दिन तल्लो क्षेत्रमा परिक्रमा गराइन्छ। यस अवसरमा कुमारी घर अगाडि अत्याधीक जनसहभागीता हुन्छ।

---

९७ तिर्थनारायण मानन्धर, *सँगः दपौं लायकुसल र खड्गयात्रा,* ने.स. १११७ पृ ३६.

## परिशिष्ट-ङ
## कुमारी खट

काठमाडौंको कुमारी रथमात्रा नभएर खट पनि रहेको छ । जसको प्रयोग विभिन्न समयमा कुमारीलाई कुमारी घरबाट बाहिर ल्याउने बेलामा खटमा राखेर ल्याइन्छ । जसमा सेतो मस्त्येन्द्रनाथको स्नानको अवसरमा खटमा राखेर जन बाहलमा ल्याउछ । त्यस्तै पाँह चाहेको घोडा जात्रामा खटमा राखेर घोडा जात्रा नगजर गर्नको लागि खटमा राखेर लगिन्छ भने अर्के भाद्र कृष्ण पक्ष गुलाँ गा द्धितीयका दिन काठमाडौं बाह बाहीहरुमा खटमा राखेर भ्रमण गराइन्छ ।

कुमारीको खट काठ र फलामबाट निर्माण गरिएको छ । यसमा रातो रङ्ग लगाएको छ । यस खटलाई कुमारी घर मुख्य ढोकासँगै राखिन्छ । खटको आकार गुम्बज शैलीमा र चार कुनामा दुई दुईवटा काठको खम्बा राखेको छ । खटको तीनतिर खुल्ला र पछाडि बन्द हुन्छ । यसको मध्य भागमा आशन बनाएको हुन्छ । जहाँ कुमारीलाई काठको फल्याकमाथि विराजमान गराइन्छ । यस खटको छाना गुम्बज आकारमा छ । जसलाई फलामको बनाएको छ । यसलाई जात्राको समयमा पहेलो र रातो रङ्गको तासको कपडाले ढाकेको हुन्छ । यसको मुनि आकाश रङ्गको झल्लर राखेको छ । छानामाथि सुनौलो गजुर छ । जसमा आमलक, कलश, घण्ट आकारको गजुर छ । खट बोक्नको लागि दायाँ बायाँ बाँसको नोललाई बाँधेको हुन्छ । यस खट बोक्नका लागि ६ जनाको जनशक्तिको आवश्यक पर्छ । ( चित्र नं. ३४)

परिशिष्ट-च

| महिना | जात्रा गर्ने तीथि | जात्रा गर्ने देवदेवी | रथ तथा खट शैली |
|---|---|---|---|
| बैशाख | चैत्र २७ गते देखि बैशाख ५ गते<br>चैत्र २७ गते देखि बैशाख ५ गते<br>चैत्र ३१<br>बैशाख २ गते<br>बैशाख २ गते<br>बैशाख २ गते<br>बैशाख ३ गते<br>बैशाख ४ गते<br>बैशाख २ गते<br>बैशाख पूर्णिमा<br>बैशाख पूर्णिमा | भैरव<br>भद्रकाली<br>बाराही<br>महाकाली<br>महालक्ष्मी<br>माहेश्वरी<br>ब्रम्हायणी<br>छुमा गणेश<br>इन्द्रायणी<br>चण्डेश्वरी<br>बुद्ध | ३ तल्ले शैलीको रथ<br>२ तल्ले शैलीको रथ<br>२ तल्ले शैलीको खत<br>२ तल्ले शैलीको खत<br>२ तल्ले शैलीको खत<br>२ तल्ले शैलीको खत<br>२ तल्ले शैलीको खत<br>२ तल्ले शैलीको खत<br>२ तल्ले शैलीको खत<br>२ तल्ले शैलीको खत<br>एउटा मात्र छाना भएको |
| जेष्ठ | कुमार षष्ठी (सिथि नख) | चण्डी भगवती | मार खट |
| आषाढ | दिमला थ्व दितिमा | जगन्नाथ | मार खट |
| भाऊ | गुँला गा पारु<br>गुँलागा तृतीय<br>गुँलागा द्धितिया<br>गुँलागा चौठी<br>गुँलागा द्धितिया<br>गुँलागा अष्टमी<br>ञला थ्व चतुर्दशी | गाई (साँ)<br>भैरव<br>सुर्य बिनायक<br>गणेश<br>बाराही<br>भिमसेन<br>कृष्णा<br>इन्द्रायणी | शिखर शैली, दोसाँ<br>३ तल्ले खट<br>२ तल्ले खट<br>२ तल्ले खट<br>२ तल्ले खट<br>एउटा मात्रा घना भएको<br>२ तल्ले खट |
| आश्विन | ञला गाः तृतीया | छुमा गणेश | २ तल्ले खट |
| कार्तिक | कौला गाः पारु | गोपिनाथ | २ तल्ले खट |
| मङ्सिर | थिमला थ्व | भिमशेन | २ तल्ले खट |